# कक्षा दसको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपालीभाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना

शोधकर्ता

लक्ष्मी खनाल

स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टर अन्तर्गत नेपा शि. ५४३ को पाठ्यांशको प्रयोजनका लागि  नेपाली शिक्षा शिक्षण समितिमा प्रस्तुत

## शोध पत्र

## २०७५/२०१८

शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

# प्रतिबद्धतापत्र

प्रस्तुत शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, अन्तर्गत स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरको नेपा.शि. (५४३) पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । प्रस्तुत '**कक्षा दसको पुरानो(२०६४) र नयाँ नेपाली(२०७४) भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना** ' शीर्षकमा शोधपत्र तयार गर्दा सम्बन्धित पाठ्यपुस्तक, पुराना शोधकार्य, पत्रपत्रिकाहरूको गहन अध्ययनका साथै अनुसन्धान क्षेत्रमा प्रत्यक्ष आफै गई शोधखोज गरी सङ्कलन गरेका सामग्रीहरूको विशेष अध्ययन विश्लेषणबाट तयार पारेको छु । यस शोधपत्रमा मैले कुनै पनि पाठ्यपुस्तक, लेख, रचना, पुराना शोधपत्रबाट हुबहु नक्कल नगरी आफ्नै मिहिनेतबाट तयार पारिएको छ । प्रस्तुत शोधलाई सहयोग पुग्ने गरी उपयोग गरिएका कृतिको उही स्थानमा सन्दर्भाङ्कन गरिएको छ । मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रूपमा मिल्न गएमा सम्बन्धित संस्थाको नियमानुसार रद्द गरेमा मन्जुरी दिँदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको छु ।

शोधार्थी

लक्ष्मी खनाल

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

# शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

सुर्खेत, नेपाल

पत्र.सं.

चलानी नं.

---

## सीफारिस -पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरको (नेपा.शि. ५४३) पाठ्यांशको प्रयोजनका लागि शोधार्थी लक्ष्मी खनालद्वारा मेरो निर्देशनमा मिहिनेतका साथ तयार पारिएको **कक्षा दसको पुरानो(२०६४) र नयाँ नेपाली(२०७४) भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना**शीर्षकको शोधप्रस्तावप्रति म सन्तुष्ट रहेकोले उचित मूल्याङ्कनका लागि नेपाली शिक्षा शिक्षण समितिमा सीफारिस गर्दछु ।

मिति : वि.सं. २०७५/ /
(सन् २०१८)

...................................
उप.प्रा. द्रोणलता खत्री
शोध निर्देशक

मध्यपश्चिमाञ्चल विश्वविद्यालय ०८३-५२३४८५
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
सुर्खेत, नेपाल

पत्र.सं.
चलानी नं.

---

# स्वीकृति-पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरमा अध्ययनरत छात्र गणेश शर्माद्वारा तयार पारिएको ‘ **कक्षा दसको पुरानो(२०६४) र नयाँ नेपाली(२०७४) भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना**’ शीर्षकको शोधपत्र स्नातकोत्तर तह उपाधिका निम्ति उपयुक्त देखिएकाले स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति
हस्ताक्षर

| | | |
|---|---|---|
| उप.प्रा. फूलमती खराल | (शिक्षण समिति प्रमुख) | ........................ |
| उप.प्रा. द्रोणलता खत्री | (शोध निर्देशक) | .......................... |
| उप.प्रा. लक्ष्मीप्रसाद आचार्य | (बाह्य परीक्षक/ क्याम्पस प्रमुख) | ........................ |

मिति : वि.सं. : २०७५/१०/२१

# कृतज्ञता ज्ञापन

कक्षा दसको पुरानो र नयाँ नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना शीर्षकको प्रस्तुत शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरको नेपा.शि. (५४३) पाठ्यांशको आवश्यकता परिपूर्तिका निम्ति तयार पारिएको हो ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरूद्रोणलता खत्रीको निर्देशनमा तयार पारेको छु । शोधपत्रको शीर्षक चयनदेखि शोधकार्य सम्पन्न हुँदासम्म उहाँबाट प्राप्त सुझाव, निर्देशन तथा सहयोगले नै प्रस्तुत शोधपत्रले पूर्ण रूप प्राप्त गर्न सकेको हो । व्यक्तिगत एवम् कार्यालयीय व्यस्तताको बाबजुद पनि आफ्नो अमूल्य समय, सुझाव सल्लाहदिइ शोध लेखनमा सहयोग गरिदिनु भएकोमा आदरणीय गुरू उप.प्रा. खुमबहादुर खड्काप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी यो शोधपत्र पुरा गर्ने सिलसिलामा आफ्नो अमूल्य सुझाव सल्लाह दिनुहुने आदरणीय गुरू शिक्षण समिति प्रमुख फूलमती खराल, उप.प्रा. रामप्रसाद कँडेल एवं क्याम्पस प्रमुख उप.प्रा. लक्ष्मीप्रसाद आचार्य प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

शोधकार्य लेखनका क्रममा आर्थिक सहयोग तथा भौतिक सहयोग गर्नुहुने मेरा आदरणीय बुवा आमा तथा परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र लेखनमा लगनशीलतापूर्वक मिहिनेतका साथ समयमै कम्प्युटर टाइपिङ गरिदिने दहाल ब्रदर्श स्टेशनरीका गोविन्द दहाललाई विशेष धन्यवाद दिन चाहन्छु ।

लक्ष्मी खनाल

# शोधसार

प्रस्तुत कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र संकाय केन्द्रीय क्याम्पस, नेपाली शिक्षा शिक्षण समिति, स्नताकोत्तर तह (एम्.एड.) चौथो सेमेष्टर ने.पा.शि. ५४३ को पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत गरिएको हो ।

प्रस्तुत शोध कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पहिचान गरिएको छ । विभिन्न विधाको प्रयोजन अनुसार नमुना अभ्यासको विश्लेषण गरिएको छ । दुबै पाठ्यपुस्तकमा समाविष्ट गरिएका नमुना अभ्यासहरूको तुलनात्मक व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधलाई पाँचवटा अध्यायमा विभाजन गरी शोध अध्ययन गरिएको छ । यस शोधमा अध्याय एकमा शोध परिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा, अध्याय तीनमा अनुसन्धान विधि, अध्याय चारमा नमुना अभ्यासको व्याख्या र विश्लेषण र अध्याय पाँचमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । यस शोधका उद्देश्यहरूमा कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पहिचान गर्नु, विभिन्न विधाको प्रयोजन अनुसार नमुना अभ्यासको विश्लेषण गर्नु, दुबै पाठ्यपुस्तकमा समाविष्ट गरिएका नमुना अभ्यासहरूको तुलनात्मक विश्लेषण गर्नु, यस शोधको उद्देश्य हो । शोधका निम्ती दुबै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको सङ्क्षिप्त र वस्तुगत तुलनात्मक अध्ययन गरिएको छ । यसका साथै प्रस्तुत शोधका लागि आवश्यकीय तालिकीकरण र साङ्ख्यिककरण विधिको समेत सान्दर्भिक उपयोग गरिएको छ ।

कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को भाषा पाठ्यपुस्तकलाई जनसङ्ख्याको रुपमा लिइएको छ । दुई पुस्तकका समाविष्ट नमुना अभ्यासको तुलनात्मक व्याख्या र विश्लेषण र केही विश्लेषण सङ्ख्यात्मक भएका कारणले गर्दा अनुसन्धानको ढाँचा मिश्रित रहेको छ । प्राथमिक स्रोतका रुपमा कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तक लिइएको छ भने द्वितिय स्रोतमा विभिन्न पुस्तक, अप्रकाशित शोधपत्रको प्रयोग गरिएको छ ।

तथ्याङ्क सङ्कलनका विधिमा पुस्तकालयिय विधि प्रयोग गरिएको छ । प्रस्तुत शोधमा नमुना अभ्यास छनोट गर्दा सम्भावना रहित नमुना छनोट विधि अन्तर्गत उद्देश्यमुलक नमुना छनोट विधिको प्रयोग गरी उक्त भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासलाई नमुनाको रुपमा लिइएको छ । उक्त शोध कार्य गर्दा सङ्कलित तथ्याङ्कको मानकीकरणका लागि शोध निर्देशक, सङ्कलित विषयको विज्ञबाट उक्त तथ्याङ्कको व्याख्या विश्लेषणको मानकीकरण गरिएको छ । सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषणलाई २ तहमा व्याख्या विश्लेषण गरिएको छ । विधागत आधारमा, भाषिक सीपका आधारमा तुलनात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधमा कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली भाषा पाठ्यपुस्तक भित्र रहेका अभ्यासहरूको तुलना गरिएको छ । सबैभन्दा पहिला विधागत आधारमा तुलना गरिएको छ । पुरानो पुस्तकमा विधागत अन्तर्ग बोधात्मक अभ्यास अन्य अभ्यासको भन्दा बढी समावेश भएको तथ्याङ्कले प्रस्तुत गरेको छ । त्यस्तै नयाँ पुस्तकमा पनि अन्य अभ्यासको दाजोमा बोधात्मक अभ्यास बढी रहेको तथ्याङ्कले प्रस्तुत गरेको छ । त्यस्तै नयाँ पुस्तकमा पनि अन्य अभ्यास भन्दा बोधात्मक अभ्यास अत्यधिक रहेको छ । भाषिक सीप विकासका अभ्यासमा पनि पुरानो पुस्तकमा लेखाइ सीपलाई बढि जोड दिएको छ । त्यस्तै नयाँ पुस्तकमा पनि लेखाइ सीपलाई बढी महत्व दिएको तथ्याङ्कले प्रस्तुत गरेको छ । दुबै पुस्तकमा सुनाइ, बोलाइ, पढाइ सम्बन्धी कम महत्व दिएको तथ्याङ्कले जनाएको छ ।

समग्रमा भन्नुपर्दा विधागत भाषिक सीपगत आधारमा बोधात्मक प्रश्नलाई अत्यधिक जोड दिएको पाइयो । समय अनुसार अभ्यासहरू सबै सीपलाई उत्तिकै महत्व दिनुपर्ने देखिन्छ । समय अनुसार अभ्यासहरू नयाँ विधि र प्रविधि प्रयोग गर्ने खालका अभ्यासहरू समावेश गर्नुपर्छ भन्ने जस्ता सुझावहरू प्रस्तुत गर्दै शोध अध्ययन भएको देखिन्छ ।

# विषय सूची

प्रतिवद्धता पत्र — क
सीफारिस पत्र — ख
स्वीकृती पत्र — ग
कृतज्ञता ज्ञापन — घ
शोधसार — ङ
विषय सूची — छ
तालिका सूची — ठ
सङ्क्षिप्त सूची — ड
चिन्ह सूची — ढ

अध्याय : एक

परिचय

१.१ पृष्ठभूमि — १
१.२ समस्याको कथन — ३
१.३ अध्ययनको उद्देश्य — ४
१.४ अध्ययनको औचित्य — ४
१.५ अध्ययनको परिसीमा — ५
१.६ अध्ययनको रुपरेखा — ५

अध्याय : दुई

पूर्व कार्यको समिक्षा र सैद्धान्तिक साहित्यको पुनरावलोकन

२.१ पूर्वकार्यको समिक्षा र उपादेयता — ६
२.२ अध्ययनको अवधारणात्मक खाका — १३
२.३ नमुना अभ्यासको सैद्धान्तिक परिचय — १४
२.४ भाषा शिक्षणमा नमुना अभ्यासको महत्त्व — १६
२.५ विधा र नमुना अभ्यासको सम्बन्ध — १७

२.६ नमुना अभ्यासमा समावेश प्रश्नका किसिम १८

२.६.१ विषयवस्तुमा आधारित प्रश्न १८

२.६.२ भाषिक सीपमा आधारित प्रश्न १९

२.६.३ शब्दभण्डारमा आधारित प्रश्न २०

२.६.३.१ विषयगत प्रश्न २०

अध्याय : तीन

शोध विधि

३.१ अनुसन्धानको ढाँचा २५

३.२ जनसङ्ख्या तथा नमुना छनोट २५

३.३ तथ्याङ्कको प्रकृति र स्रोत २६

३.४ सामाग्री निर्माण र मानकीकरण २६

३.५ तथ्याङ्क सङ्कलन विधि २७

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया २७

३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा २७

अध्याय चार

नमूना अभ्यासको व्याख्या विश्लेषण

४.१ नमुना अभ्यासको अध्ययन २९

४.२ विधागत रुपमा नमुना अभ्यासको तुलनात्मक विश्लेषण ३०

४.२.१ कक्षा दसको पुरानो (२०६४) र नयाँ (२०७४) भाषा पाठ्यपुस्तकमा समाविष्ट गरिएका विधागत नमुना अभ्यासहरुको अध्ययन, विश्लेषण तथा तुलना ३१

४.२.२ कक्षा दसको पुरानो (२०६४) को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट गरिएका विधागत नमुना अभ्यासहरुको अध्ययन विश्लेषण तथा तुलना ३३

४.३ कक्षा दसको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट गरिएका विधा अनुरुपका अभ्यासहरुको तुलनात्मक अध्ययन तथा विश्लेषण ३५

४.३.१ कविता विधाका नमुना अभ्यासहरुको व्याख्या तथा विश्लेषण ३५

४.३.१.१ कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकको कविता विधामा

समाविष्ट गरिएका प्रश्नहरुको व्याख्या तथा विश्लेषण ३६

४.३.१.२ दश कक्षाको नयाँ (२०७४) नेपाली किताबको कविता, विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लषण ३७

४.३.१.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा कविता विधाका अभ्यासको तुलनात्मक विश्लेषण ३८

४.३.२ कथा विधाका नमुना अभ्यासहरुको व्याख्या र विश्लेषण ३९

४.३.२.१ कक्षा दसको पुरानो (२०६४) नेपाली पाठ्यपुस्तकको कथा विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ४०

४.३.२.२ कक्षा दसको नयाँ (२०७४) नेपाली किताबमा कथा विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ४१

४.३.२.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा कथा विधाको अभ्यासको तुलना ४२

४.३.३ निबन्ध विधामा समावेश अभ्यासको विश्लेषण ४३

४.३.३.१ कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकमा निबन्ध विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ४४

४.३.३.२ कक्षा दसको नयाँ (२०७४) नेपाली पाठ्यपुस्तकमा निबन्ध विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ४५

४.३.३.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा निबन्ध विधाको अभ्यासको तुलना ४६

४.३.४ जिवनी विधामा समावेश अभ्यासहरुको विश्लेषण ४७

४.३.४.१ कक्षा दसको पुरानो नेपाली (२०६४) भाषा पाठ्यपुस्तकमा जीवनी विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ४८

४.३.४.२ कक्षा दसको नयाँ (२०७४) नेपालीको जीवनी विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ४९

४.३.४.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली किताबमा जीवनी विधाका अभ्यासको तुलनात्मक विवरण ५०

४.३.५ चिठी विधामा समावेश अभ्यासहरुको विश्लेषण ५१

४.३.५.१ कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकमा चिठी विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ५२

४.३.५.२ कक्षा दसको नयाँ (२०७४) नेपाली किताबमा चिठी विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ५२

४.३.५.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली किताबमा चिठी विधाको अभ्यासको तुलना ५३

४.३.६ रुपक विधाका नमुना अभ्यासको व्याख्या तथा विश्लेषण ५५

४.३.६.१ कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकमा रुपक विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ५६

४.३.६.२ कक्षा दसको नयाँ (२०७४) नेपाली किताबमा रुपक विधामा समावेश गरिएको प्रश्नहरुको विश्लेषण ५७

४.३.६.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकका रुपक विधाको अभ्यासको तुलना ५८

४.३.७ भाषिक सीपसँग सम्बन्धित नमुना अभ्यासको व्याख्या तथा विश्लेषण ६०

४.३.७.१ पुरानो (२०६४) को पुस्तकमा भाषिक सीपका अभ्यासहरुको विश्लेषण ६०

४.३.७.१ नयाँ (२०७४) को पुस्तकमा भाषिक सीपका अभ्यासहरुको विश्लेषण ६१

४.३.७.३ पुरानो (२०६४) र नयाँ (२०७४) को पुस्तकमा भाषिक सीपका अभ्यासहरुको तुलना ६२

## अध्याय पाँच

## सारांश, निष्कर्ष तथा उपयोगीता

५.१ सारांश ६४

५.२ निष्कर्ष ६४

५.३ सुझाव ६६

५.३.१ नीतिगत तह ६६

५.३.२ कार्यान्वयन तह ६७

५.३.३ अनुसन्धानात्मक तह ६९

५.४ शैक्षणिक उपयोगिता ६९

५.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु ७०

**सन्दर्भसूची**

**अनुसूची**

**व्यक्तिवृत्त**

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. १ | कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) नेपाली पाठ्यपुस्तकको अभ्यासको सूची | २९ |
| तालिका नं. २ | माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) र नयाँ (२०७४) भाषा पाठ्यपुस्तकमा समाविष्ट गरिएका विधागत नमुना अभ्यासहरुको अध्ययन, विश्लेषण तथा तुलना | ३१ |
| तालिका नं. ३ | माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट गरिएका विधागत नमुना अभ्यासहरुको अध्ययन विश्लेषण तथा तुलना | ३३ |
| तालिका नं. ४ | माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकको कविता विधामा समाविष्ट गरिएका प्रश्नहरुको व्याख्या तथा विश्लेषण | ३६ |
| तालिका नं. ५ | माध्यमिक तह दश कक्षाको नयाँ (२०७४) नेपाली किताबको कविता, विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लषण | ३७ |
| तालिका नं. ६ | पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा कविता विधाका अभ्यासको तुलनात्मक विश्लेषण | ३८ |
| तालिका नं. ७ | माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) नेपाली पाठ्यपुस्तकको कथा विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण | ४० |
| तालिका नं. ८ | माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपाली किताबमा कथा विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण | ४१ |
| तालिका नं. ९ | पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा कथा विधाको अभ्यासको तुलना | ४२ |
| तालिका नं. १० | माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकमा निबन्ध विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण | ४४ |
| तालिका नं. ११ | माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपाली पाठ्यपुस्तकमा निबन्ध विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण | ४५ |
| तालिका नं. १२ | पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा निबन्ध विधाको अभ्यासको तुलना | ४६ |
| तालिका नं. १३ | माध्यमिक तह कक्षा दसको पुरानो नेपाली (२०६४) भाषा पाठ्यपुस्तकमा जीवनी विधामा समाविष्ट गरिएका प्रश्नहरुको | ४८ |

विश्लेषण

तालिका नं. १४ माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपालीको जीवनी विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ४९

तालिका नं. १५ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली किताबमा जीवनी विधाका अभ्यासको तुलनात्मक विवरण ५०

तालिका नं. १६ माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकमा चिठी विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ५२

तालिका नं. १७ माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपाली किताबमा चिठी विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ५२

तालिका नं. १८ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली किताबमा चिठी विधाको अभ्यासको तुलना ५३

तालिका नं. १९ माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकमा रुपक विधामा समाविष्ट गरिएका प्रश्नहरुको विश्लेषण ५६

तालिका नं. २० माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपाली किताबमा रुपक विधामा समावेश गरिएको प्रश्नहरुको विश्लेषण ५७

तालिका नं. २१ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकका रुपक विधाको अभ्यासको तुलना ५८

तालिका नं. २२ पुरानो (२०६४) को नेपाली पुस्तकमा भाषिक सीपका अभ्यासहरुको विश्लेषण ६०

तालिका नं. २३ नयाँ (२०७४) को नेपाली पुस्तकमा भाषिक सीपका अभ्यासहरुको विश्लेषण ६१

तालिका नं. २४ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा भाषिक सीपका अभ्यासहरुको तुलना ६२

## सङ्क्षिप्त शब्द सुची

| | |
|---|---|
| एम.एड. | माष्टर अफ एजुकेशन |
| नेपा.शि. | नेपाली शिक्षा |
| मा.वि. | माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| क्र.सं. | क्रम सङ्ख्या |
| अप्र. शोधपत्र | अप्रकाशित शोधपत्र |
| त्रि.वि | त्रिभुवन विश्वविद्यालय |
| उपप्रा | उपप्राध्यापक |
| दा.सं. | दोस्रो संस्करण |
| वि.सं. | विक्रम संवत् |

# चिन्ह सूची

| | | |
|---|---|---|
| पूर्णविराम | : | (।) |
| अर्धविराम | : | (,) |
| विश्मयादिबोधक | : | (!) |
| विवृत्ति/स्पीटीकरण, रूपायन | : | (()) |
| एकोहोरो उद्धरण | : | (‘ ’) |
| दोहोरो उद्धरण | : | (“ ”) |
| विकल्पबोधक | : | (/) |
| सङ्क्षेपीकृत | : | (.) |
| अल्पविराम | : | (,) |
| निर्देशक चिन्ह | : | ( :-) |
| प्रश्नवाचक | : | ( ?) |
| विसर्ग | : | ( :) |

# अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

भाषा विचार विनिमयको माध्यम हो । भाषाका माध्यमबाट मानिस समाजमा आफ्ना विचारहरू व्यक्त गर्ने र अरुका विचारहरू ग्रहण गर्ने गर्दछ । मानिसले भाषाका माध्यमबाट विचार विनिमय गर्नुका साथै हरेक कार्य सम्पादन गर्ने पनि गर्दछ । भाषा समाजको निधि हो । एक पुस्ताबाट अर्को पुस्तासम्म सभ्यता तथा संस्कृतिको हस्तान्तरण गर्ने काम भाषाले गर्दछ । भाषा मानवीय सभ्यता र संस्कृतिको विकास भएको वस्तु हो । भाषा मानविय वस्तु हो । यसको प्रयोग मानवले मात्र गर्दछ । भाषाको माध्यमबाट सजिलैसँग दैनिक व्यवहार चलाउन सकिन्छ । भाषाबाटै मानवले सञ्चार गर्दछ । यसबाट मात्र मानिस आफूले चाहेका जुनसुकै भाव विचार इच्छा, वस्तु कार्य र घटनाबारे अभिव्यत्ति दिन र त्यसलाई बुझ्न सकिन्छ । मानिसको उत्पत्ति सँगै भाषाको उत्पत्ति भएको हो । भाषा मानव सभ्यता तथा संस्कृतिको बाहक भएकाले यसको प्रयोग मानविय सभ्यताको उषाकालदेखि हुँदै आइरहेको छ । विश्वमा मानव सभ्तामा देखिने विविधतासँगै भाषामा पनि विविधता देखिन्छ । समयको अन्तरालसँगै भाषा जन्मने र मर्ने क्रम जारी रहन्छ । संसारमा कैयन भाषाको लोप र कैयन भाषाको जन्म हुन्छ । समयको अन्तराल भौगोलिक दुरीका कारणले एउटै भाषाका पनि विविध रुपहरू देखिन्छन् । भौगोलिक दुरी र समयको अन्तरालसँगै भाषामा देखिने विविध रुपहरूलाई भाषिक वा भाषिक भेद भनिन्छ । कुनै भाषा भिन्न भिन्न स्थानमा भिन्न भिन्न किसिमले बोलिन सक्छ । भिन्दा भिन्दै क्षेत्रमा बोलिने एउटै भाषामा देखिने यस्ता विभिन्न वर्ण, अर्थ र शब्द भण्डारमा पाइन्छ । (घिमिरे, २०७१:२१)

ढकालले नेपाली भाषा पाठ्यक्रम पाठ्य पुस्तक तथा शिक्षण पद्धति पाठ्य प्रस्तुत पुस्तकमा उल्लेख भए अनुसार भाषा पाठ्यपुस्तकमा खास तह र कक्षाका निम्ति पाठ्यक्रमका भाषिक अपेक्षाहरू परिपूर्ती गर्ने गरी विषय विशेषज्ञद्वारा संकलन, सम्पादन वा लेखन गरिएका पाठ्यपुस्तकहरू छनोट र स्तरण गरी तयार पारिएको महत्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो

। यो सरल सहज भरपर्दो विश्वसनीय, सुलभ र रूचीपूर्ण साधन हो । भाषिक सीपहरू हासिल गराउने माध्यम भाषा पाठ्य पुस्तक हो । समसामयिक आवश्यकता र भावी चुनौतिको सामना गर्न सक्ने योग्य नागरिक उत्पादन गर्ने राष्ट्रको सोच पूरा गर्ने महत्वपूर्ण कडीका रुपममा पनि भाषा पाठ्यक्रमलाई लिन सकिन्छ । विद्यार्थीलाई के कसरी पढ्ने भन्ने चिन्ताबाट मुक्त, बनाउने र शिक्षकलाई के कसरी कुन कुन पढाउने भन्ने निर्देशन सहयोगी साधन भाषा पाठ्पुस्तक हो । (ढकाल २०६७:११८)

विद्यार्थीहरूले सिकेका कुराहरूलाई विविध प्रसङ्गमा  पटक पटक दोहोऱ्याउनु अभ्यास हो । अभ्यासले विद्यार्थीहरूमा सिकेका कुराहरू परिपक्क र स्थायी बनाउने क्षमताको विकास गर्दछ । प्रधान २०६४:३ प्रयोगात्मक नेपाली शब्दकोषमा अभ्यासलाई प्राप्त गरिएका व्यवहार वा सीपलाई निरन्तर दोहोऱ्याई सिक्ने काम आवृत्ति, पुनरावृतिलाई भनिएको पाइन्छ। (अधिकारी २०६१:६८)

भाषिक सीप आर्जनको मेरूदण्डका रूपमा नमुना अभ्यासलाई लिन सकिन्छ । भाषा पाठ्यक्रममा निर्दिष्ट उद्देश्यहरु हासिल भए भएनन् भनि जाँच्ने कसीका रूपमा नमुना अभ्यासलाई लिन सकिन्छ । भाषाको व्यवहारिक सीप आर्जनको लागि भाषिक अभ्यास नै अपरिहार्य हुन्छ । कक्षामा अभ्यासात्मक कार्यहरू जति धेरै गराइन्छ त्यति नै शिक्षक कार्यकलाप व्यवहारिक र प्रभावकारी हुन जान्छ । अभ्यासले मानवमा सिर्जनात्मक शैलीको विकास गराउँछ । विषय वस्तु, विधा र सामग्रीहरू मात्र प्राप्त भएर भाषिक सीप प्राप्त गर्न सकिन्न । भाषिक सीप प्राप्त गर्नका लागि विविध खालका अभ्यासात्मक क्रियाकलापहरूको नै आवश्यकता पर्दछ । अतः भाषिक सीप प्राप्त वा हासिल गर्नका लागि भाषा पाठ्यपुस्तकका हरेक पाठको अन्त्यमा समावेश गरिएको अभ्यासलाई नै नमुना अभ्यास भनिएको हो ।

भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासहरू पाठ्यक्रमका लक्षित उद्देश्य हासिल गर्न सकून् भन्ने अभिप्रायले पाठ्यपुस्तकमा सरलदेखि जटिल, मूर्त बाट अमूर्त, आंशिकबाट पूर्णता तथा विद्यार्थीको रूची, स्तर क्षमतालाई ख्याल गरी अभ्यासको छनोट र स्तरण गरिनुपर्छ । अभ्यासहरू सिकाई मनोविज्ञान बाल मनोविज्ञानलाई समेत ध्यान दिई सरलबाट जटिलतर्फ उन्मुख गराइनुपर्छ । शिक्षक उपस्थित नभएको खण्डमा पनि शिक्षार्थीहरूले भाषिक अभ्यास गर्न

सक्ने खालको वातावरणको सिर्जना अभ्यासबाट हुनुपर्दछ । नमुना अभ्यासले भाषाका सिकाइलाई घरमा नै बसेर एककालिक रुपमा भाषिक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ ।

पाठको प्रकृति र प्रस्तुति ढाँचासँग मेल खाने गरी क्रमश मौखिक लिखित र प्रयोगात्मक अभ्यासको व्यवस्था मिलाउनु पर्दछ । शब्द भण्डारगत अभ्यास र सिर्जनात्मक प्रकृतिका अभ्यासहरूको पनि आवश्यक तर्जुमा र व्यवस्था कौशलसँग, सम्बन्ध व्याख्या समिक्ष, भावार्थ सारांश आदिको पनि अभ्यासको व्यवस्था मिलाउनुपर्दछ । भाषाको संरचना पक्षलाई बलियो बनाउने किसिमका नमुना अभ्याहरू पनि पाठ्यक्रमको साथसाथमा दिनुपर्दछ । निर्देशन, गृहकार्य, परिक्षण, पुनरावृत्ति प्रोत्साहन आदिका काममा मद्दत गर्न पाठ्यपुस्तकमा अभ्यासको व्यवस्था गरिएको पाइन्छ । हरेक पाठ्यपुस्तकमा मुल स्तम्भका रुपमा नमुना अभ्यासलाई लिने गरिन्छ । नमुना अभ्यासले शिक्षक र विद्यार्थी दुवैका लागि निर्देशन दिने काम गर्दछ । ( अधिकारी, २०५०:१७४) विधा एवंम अपविधाका प्रयोजन अनुरूप अभ्यासको महत्वपूर्ण स्थान भाषा पाठ्यपुस्तकमा रहेको हुन्छ । तसर्थ भाषा पाठ्यपुस्तकमा अभ्यासलाई विभिन्न कोणबाट समेटेर विद्यार्थीहरूलाई क्रियाशिल  बनाई भाषिक सीपमा कुशल बनाउन सकेमा मात्र भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका लक्षित उद्देश्य पूरा हुन सक्छन् ।

## १.२ समस्याको कथन

कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना यस शोधको शीर्षक नै यस शोधको प्रमुख समस्या हो । यस बाहेक प्रस्तुत शोध शीर्षकसँग सम्बद्ध अनुसन्धेय समस्याहरूको पहिचान गरी निम्नानुसार उल्लेख गरिएको छ :

(क) कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू के कस्ता छन् ?

(ख) विभिन्न विधाको प्रयोजन अनुसार नमुना अभ्यासहरु तुलनात्मक रुपमा के कस्ता छन् ?

(ग) भाषिक सीपका आधारमा नमुना अभ्यासहरु के कस्ता रहेका छन् ?

## १.३अध्ययनको उद्देश्य

यस शोध अध्ययनको उद्देश्य निम्नलिखित छन् :

(क) कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पहिचान गर्नु ।

(ख) विभिन्न विधाको प्रयोजन अनुसार नमुना अभ्यासहरुको तुलनात्मक विश्लेषण गर्नु,

(ग) विभिन्न विधाअनुसार भाषिक सीपका आधारमा नमुना अभ्यासहरूको तुलनात्मक विश्लेषण गर्नु ।

## १.४अध्ययनको औचित्य

प्रस्तुत शोधपत्रबाटभाषा पाठ्यपुस्तक परिमार्जन गर्न सम्बन्धित क्षेत्रमा रहेका समस्याको बारेमा जानकारी दिइ त्यसको समाधान गर्न विद्यार्थीको समग्र सिकाईमा समेत सहयोग पुऱ्याउन यो शोधपत्रऔचित्यपूर्ण रहको छ। पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य पूरा गरी अन्यौल पूर्ण कुरालाई हटाइ आवश्यक कुरा थपघट गर्नको लागि औचित्य पूर्ण छ ।

यसले दुई पाठ्य सामग्रीमा राखिएका अभ्यासहरू मध्ये कुन चाहिँ पाठ्यक्रमको मर्म र भावना अनुसार बढी उपयोगी, सान्दर्भिक र समसामियीक छन् भन्ने तथ्य पत्ता लगाउन सहयोग पुग्ने भएकाले औचित्य पूर्ण रहेको छ । यस किसिमको अध्ययनबाट भाषा पाठ्यपुस्तकमा के कस्ता नमुना अभ्यास कसरी राख्नु उपयुक्त हुन्छ भन्ने कुराको जानकारी प्राप्त गर्न सहयोग पुग्ने पाठ्यपुस्तकमा नमुना अभ्यास कसरी राखेमा लक्षित उद्देश्य हुन सक्छन् भन्ने कुराको समेत जानकारी उपलब्ध गराउँछ । अझ तुलनात्मक अभ्यास गरी निकालिएका निष्कर्षहरू बढी व्यवहारिक र विश्वसनीय हुन्छन् । त्यसकारण पनि तुलनात्मक रूपमा अध्ययन गरिनुले यो शोधकार्य औचित्यपूर्ण छ ।

## १.५ अध्ययनको परिसीमा

अनुसन्धान कार्य आफैँमा जटिल कार्य हो । कुनै पनि योजनाबद्ध कार्य गर्नका लागि सीमा निर्धारण गर्नुपर्ने हुन्छ । कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्दा सीमा निर्धारण गरिएन भने अनुसन्धान सफल निश्चित क्षेत्र, आर्थिक कठिनाइ, समय सीमा आदिलाई समेटेर सीमा निर्धारण गर्नुपर्दछ । प्रस्तुत अध्ययनको परिसीमा निम्नानुसार रहेको छ :

(क) कक्षा दशको नेपाली विषयको पुरानो (२०६४) र नयाँ (२०७४) पाठ्यपुस्तकको नमुना अभ्यास मात्र सिमित रहेको छ ।

(ख) दुबै पाठ्यपुस्तकमा समाविष्ट गरिएका नमुना अभ्यासहरूलाई विविध आधार जस्तै भाषिक सीपगत विधागत अनुरुपताका आधारमा मात्र विश्लेषण गरिएको छ ।

(ग) प्रस्तुत शोधपत्र वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक केन्द्रित रहेको छ ।

(घ) दुवै पाठ्पुस्तकमा समाविष्ट गरिएका नमुना अभ्यासको तुलनात्मक अध्ययनमा मात्र सिमित रहेको छ ।

(ङ) प्रस्तुत शोधमा भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यास बाहेकअन्य पाठहरूको बारेमा व्याख्या विश्लेषण गरिएको छैन ।

## १.६ अध्ययनको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा निम्नानुसार रहेको छ:

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अनुसन्धान विधि

अध्ययाय चार : तथ्याङ्क व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भ सूची

व्यक्तिवृत्त

परिशिष्ट

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा र उपादेयता

भण्डारी (२०६३) द्वारा **'स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण'** नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त नेपाली शिक्षा विभाग कीर्तिपुरमा भएका शोधहरूको विवरण प्रस्तुत गरिएको छ उक्त पुस्तकले शोधशीर्षक छनोट गर्न सहयोग पुऱ्याएकोले यसको उपयोग गरिएको छ ।

पौडेल (२०६७) द्वारा **'भाषा पाठ्यक्रम पाठ्यसामग्री तथा शिक्षण पद्धति'** नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा दश अध्याय दिइएको छ । उक्त पुस्तकमा अध्याय चारको नेपाली भाषा पाठ्यपुस्तक प्राज्ञिक वा आन्तरिक विशेषता अन्तर्गत नमुना अभ्याको व्याख्या गरिएको छ । उक्त पुस्तकले यस शोधकार्यमा सैद्धान्तिक परिचय निर्माणमा सघाउ पुऱ्याएकोले उपयोग गरिएको छ ।

ढुङ्गाना (२०६८) द्वारा कक्षा ६ को **'हाम्रो नेपाली किताब र रसिलो नेपाली'** मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा उल्लिखित पाठ्यपुस्तकहरूमा पाठ्यक्रमको उद्देश्य अनुरुप नमुना अभ्यास भए नभएको पहिल्याउनु, विधाको प्रयोजन अनुसार नमुना अभ्यासको उपयुक्तता पहिल्याउनु, भाषिक सीप वितरणका दृष्टिले उक्त दुवै पाठ्यपुस्तकहरूमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन गर्नु, तथा सबल र दुर्वल पक्ष छुट्याउनु जस्ता उद्देश्य रहेका छन् । र वर्णनात्मक विधिको  प्रयोग गरिएको छ । उक्त शोधकार्यमा 'हाम्रो नेपाली किताब' मा समावेश गरिएका भाषिक सीपसँग सम्बन्धित अभ्यासको विश्लेषणबाट लेखाइसँग सम्बन्धित अभ्यासहरु सबैभन्दा बढी र सुनाइसँग सम्बन्धित अभ्यासहरू सबैभन्दा कम रहेको पाइन्छ । सुनाइ र बोलाइभन्दा पढाइ र लेखाइलाइ बढी जो दिइएको पाइन्छ । यस आधारमा हेर्दा पाठ्यक्रमको उद्देश्यअनुसार भाषिक सीपसम्बन्धि अभ्यासहरुमा समानता देखिदैन । 'रसिलो नेपाली' मा समावेश गरिएका भाषिक सीपसँग सम्बन्धित अभ्यासको विश्लेषणबाट लेखाईसँग सम्बन्धित अभ्यासहरू सबैभन्दा बढी र सुनाइसँग सम्बन्धित अभ्यासहरू सबै भन्दा कम रहेको  पाइन्छ । सुनाइ र

पढाइ भन्दा बोलाइ र लेखाइलाई जोड दिएको छ । यस आधारमा हेर्दा पाठ्यक्रमको उद्देश्य अनुसार भाषाका चार सीपसुनाइ, बोलाइ पढाइ र लेखाइलाई समान महत्व नदिइएकोनिष्कर्ष निकालिएको छ । यस शोधले प्रस्तुत शोधका लागि उद्देश्य निर्माणमा सघाउ पुऱ्याएकोले उपयोग गरिएको ।

पौडेल (२०६९) द्वारा '**प्रायोगिक भाषा विज्ञान**'नामक पुस्तक प्रकाशन गरीएको छ । जुन पुस्तक स्नात्तकोत्तर तह एम.एड. प्रथम वर्षको पाठ्यांशमा आधारित पाठ्य सन्दर्भ सामग्री हो यस पुस्तकको १०.७ अर्थात् पृष्ठ ३०१ मा पाठ्यपुस्तक निर्माण योजना अन्तर्गत ध्यान दिनुपर्ने विशेष पक्षहरूमा अभ्यासको चर्चा गरिएको छ । उक्त पुस्तकमा यस शोध कार्यमा अभ्यासको शीर्षक निर्माण गर्न सहयोग पुऱ्याएकोले हुँदा उपयोग गरिएको छ ।

खनाल (२०७१) द्वारा '**शैक्षिक अनुसन्धान पद्धति**' नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा अनुसन्धान र शैक्षिक अनुसन्धानको अर्थ र परिभाषा समस्याको पहिचान समस्या बुझ्न, समस्याका स्रोतहरू अनुसन्धान समस्या छनोट गर्दा विचार पुऱ्याउनु पर्ने तत्वहरू परिकल्पना उद्देश्य, सम्बद्ध साहित्यको पुनरावलोकन, अनुसन्धानका प्रकारहरू, नमुना छनोट, गर्ने तरिका, नमुनाको आकार तथ्याङ्क सङ्कलन विधि र साधनका बारेमा जानकारी दिएको छ । गुणात्मक परिमाणात्मक अनुसन्धानको परिचय विशेषता, प्रकार नमुना छनोट आदिका बारेमा दिइएकोले अनुसन्धान प्रस्तावना आवश्यकता अनुसन्धान प्रस्तावनाका आधारहरूमा अनुसन्धान प्रस्तावनाको निर्माण आदिको बारेमा जानकारी दिइएको छ । यसर्थ यस अध्ययनमा उक्त पुस्तकले सैद्धान्तिक खण्ड र पुर्वकार्यको समीक्षामा सहयोग पुऱ्याउने भएकाले यसको उपयोग गरिएको छ ।

अधिकारी (२०७२) द्वारा '**माध्यमिक तह अध्यापन अनुमतिपत्र परीक्षा दर्पण**' नामक पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकको एकाइ दश विद्यार्थी मूल्याङ्कन अन्तर्गत १०.४.२ मूल्याङ्कनका प्रमुख साधन तथा तरिका अन्तर्गत परीक्षाको प्रकारहरूको चर्चा गरिएको छ । उक्त पुस्तकले यस शोधकार्यमा नमुना अभ्यासमा समावेश गरिने प्रश्नका किसिमको को बारेमा दिइएकाले यसले प्रश्नंका प्रकार सम्बन्धी सहयोग पुग्ने भएकाले यसको उपयोग गरिएको छ ।

निउरे र घिमिरे (२०७२) द्वारा **'भाषिक अनुसन्धान विधि (दोस्रो संस्करण)'** पुस्तकको पृष्ठ १२-१७ मा अनुसन्धानका क्षेत्रहरू, भाषिक अनुसन्धान विधि, तथ्याङ्क सङ्कलनका स्रोतहरू र अनुसन्धान प्रस्ताव तथा प्रतिवेदनका बारेमा विस्तृत जानकारी दिइएको छ । यसबाट अनुसन्धानको क्षेत्र चयन गर्न समस्या पहिचान गर्न, क्षेत्र चयन गर्न, समस्या पहिचान गर्न र सामग्री सङ्कलन गर्न सहयोग पुऱ्याउने भएकाले यसको उपयोग गरिएको छ ।

पौडेल (२०५८) द्वारा **'हाम्रो नेपाली किताब' कक्षा ७ र 'सजिलो नेपाली माला' ७ मा प्रयुक्त नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । पाठ्यक्रमको विधा अनुरुपको आधारमा नमुना अभ्यासको अध्ययन गर्नु, भाषिक सीपका आधारमा नमुना अभ्यासको वर्गिकरण गरी वितरणको तुलनात्मक अध्ययन गर्नुजस्ता निष्कर्ष र सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । यो पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । शब्दार्थ सम्बन्धी अभ्यासका दृष्टिले 'सजिलो नेपाली माला' स्तरीय देखिन्छ । सरकारी पाठ्यपुस्तकको तुलनामा 'सजिलो नेपाली माला' मा प्रयोगात्मक प्रकृतिको प्रश्नहरूमा बढी जोड दिइएको पाइन्छ । दुवै पाठ्यपुस्तकमा चित्र वर्णन र शब्दकोश प्रयोग सम्बन्धी अभ्यासमा ध्यान नदिइएको निष्कर्ष निकालिएको छ । विधा र नमुना अभ्यासको सम्बन्ध भाषा शिक्षणमा नमुना अभ्यासको महत्व मा सहयोग पुऱ्याउने भएकाले यसको उपयोग गरिएको छ ।

श्रेष्ठ (२०६३) द्वारा **'कक्षा ६ को पुरानो र नयाँ पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन'** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा कक्षा ६ को नयाँ र पुरानो पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पहिल्याउनु विभिन्न विधाको प्रयोजन अनुसार नमुना अभ्यासको विश्लेषण गर्नु, कक्षाको तह अनुसार नयाँ र पुरानो पाठ्यपुस्तकमा समाविष्ट गरिएका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गर्नु, जस्ता उद्देश्य रहेका छन् । यस अध्ययनमा पुस्तकालयीय विधि, र खोज विधिको प्रयोग गरिएको छ । "पुरानो नेपाली किताब" मा विधागत अभ्यास र व्याकरणगत अभ्यासलाई छुट्टा छुट्टै दिइएका छ् । व्याकरण तर्फ उदाहरणका साथै सामान्य परिचयका आधारमा अभ्यासहरू दिइएको देखिन्छ । सिर्जनात्मक पक्षलाई अझ सबल बनाउने दृष्टी ले सिर्जनात्मक अभ्यासहरू पनि विधा अनुरुप समावेश गरिएको देखिन्छ ।"नयाँ नेपाली किताब"मा व्याकरणहरू सिकाउँदा तिनको उदाहरण

सहित पूर्ण बनाउने परिचय दिई अभ्यास गराएको पाइन्छ । आगमन विधिद्वारा व्याकरण शिक्षण भएकाले विद्यार्थीलाई कठिनाइ पर्ने  निषकर्ष निकालिएको छ । उक्त शोधकार्यमा यस शोधकार्यले उद्देश्य निर्माणमा सहयोग पुऱ्याएकोले उपयोग गरिएको छ ।

भण्डारी (२०६३) द्वारा **'पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा नौ को नेपाली पाठ्यपुस्तकको अध्ययन'** नामक शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा नौ को नेपाली पाठ्यपुस्तकको अध्ययन गर्नु, पाठ्यक्रमका क्षेत्र र क्रम अनुरुपताका आधारमा विश्लेषण गर्नु जस्ता उद्देश्य रहेका छन् । अध्ययन विधिमा प्रश्नावली र अन्तर्वार्ता तथ्याङ्क विश्लेषण जस्ता उपकरण र उपशीर्षकहरू समावेश गरिएको छ । उक्त शोध अध्ययनमा पाठ्यपुस्तकले पाठ्यक्रमको वास्तविक भावना र मर्मलाई आत्मसाथ गर्न नसकेको दोस्रो भाषी विद्यार्थीहलाई मध्यनजर गर्दै पाठ्यपुस्तकमा दोस्रोभाषा सिकाइ सम्बन्धी सामग्री उपलब्ध नगरेको जस्ता निष्कर्ष निकाली सुधारका लागि पाठ्यक्रमले तोकेको विधाहरू पाठ्यपुस्तक छुट्याउन पर्ने, पाठ्यक्रम अनुरुप पाठ्यसामग्री सुनाइ र बोलाई सम्बन्धी सीप बढाउने, पाठ्यपुस्तकमा स्तरीय, बलियो र सफा कागजको प्रयोग गर्नुपर्ने, पाठ्यपुस्तकले विज्ञान र प्रविधिमा भएका आधुनिक नवीन प्रयोग र उपलब्धीलाई पनि समेट्नु पर्ने जस्ता उत्कृष्ट र उपयुक्त सुझावहरू उक्त शोधले व्यक्त गरेको छ । पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूमा थप विविधता र प्रयाप्तता हुनुपर्ने सुझाव पनि उक्त शोधले प्रस्तुत गरेको छ । उक्त पाठ्यपुस्तकको अध्ययनलाई समेटेको कारणले गर्दा नमुना अभ्यास सम्बन्धी सैद्धान्तिक खण्ड निर्माणमा सघाउँ पुग्ने भएकाले उपयोग गरिएको छ ।

गिरी (२०६९) द्वारा कक्षा **'सातको नेपाली किताब र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासहको तुलनात्मक अध्ययन'** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा कक्षा सातको नेपाली किताब र रसिलो नेपाली किताबमा रहेका अभ्यास खण्डको तुलनात्मक अध्ययन गरिएको छ । पाठ्यक्रमको उद्देश्य अनुरुप विधा र क्षेत्रका आधारमा नमुना अभ्यास कार्यमूलक व्याकरण सिर्जनात्मक अभ्यास पाठ्यपुस्तकमा भए नभएको विश्लेषण गर्नु, विद्यार्थीको स्तर अनुरुप पाठ्यपुस्तकमा शब्दभण्डार तथा व्याकरणको तालमेल भए नभएको अध्ययन गर्नु, निर्दिष्ट पुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक विधिको उपयोग गरी विश्लेषण

गरिएको छ । कक्षा नौ र दशको पाठ्यपुस्तकको व्याकरण अभ्यासमा धेरै समानता रहेको, वस्तुगत प्रकृतिको प्रश्नको अभाव रहेको वर्ण विन्यासगत नियममा त्रुटि भएको र त्यसलाई सच्याउन पर्ने निष्कर्षमा पुगेको छ । प्रस्तुत शोधले विधि छनोटमा सघाउ पुऱ्याउने हुनाले यसको उपयोग गरिएको  छ ।

रास्कोटी (२०७०) द्वारा '**हाम्रो नेपाली किताब र मेरो नेपाल माला (कक्षा सात) भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन**' शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत शोधकार्यमा पाठ्यक्रमको उद्देश्य अनुरुप विधा र क्षेत्रका आधारमा नमुना अभ्यास कार्यमूलक व्याकरण र सिर्जनात्मक अभ्यास पाठ्यपुस्तकमा भए नभएको विश्लेषण गर्नु विभिन्न प्रकृतिका विधाको प्रयोजन पाठ्यक्रमले तोके अनुसार नमुना अभ्यासको तालमेल भए नभएको औल्याउनु पाठ्य पुस्तकमा शब्द भण्डार तथा व्याकरणको तालमेल विद्यार्थीको स्तर अनुरुप भए नभएको अध्ययन गर्नु, हाम्रो नेपाली किताब र मेरो नेपाली माला (कक्षा सात) को पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन र सुधारका निम्ती सुझाव दिनु जस्ता उद्देश्य रहेका छन् । उक्त शोधमा मिश्रित विधिको प्रयोग गरिएको छ । हाम्रो नेपाली किताबमा व्याकरण विधा सम्बन्धी अभ्यासमा वर्ण विन्यास सङ्ग सम्बन्धित सबैभन्दा बढी त्यसपछि क्रमशः पद सङ्गति, शब्द वर्ग, पक्ष, कारक विभक्ति, वाक्य, काल ,भाव र लेख्य चिन्हहरू समावेश पाइन्छन् । हाम्रो नेपाली किताबमा शब्दको अर्थ लेख भनी अभ्यास दिइएको छ । भने मेरो नेपाली मालामा भाषिक सीप सँग र सम्बन्धित अभ्यसहरू सबैभन्दा बढी लेखाइ सीप सँग र कथा विधामा बढी रहेको पाइन्छ । तर सुनाइ सीप सँग र सुनाइ बोलाइसँग सम्बन्धित अभ्यासहरू नहुनुले प्रत्येक भाषाको सीपलाई समावेश नगरीएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा यस शोधकार्यले सैद्धान्तिक अवधारणा निर्माण गर्न सघाउ पुग्ने भएकाले यसको उपयोग गरिएको छ ।

के.सी (२०७२) द्वारा '**कक्षा पाँचको मेरो नेपाली किताव र सजिलो नेपाली मालाका नमुना अभ्यासको तुलनात्मक अध्ययन**' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा कक्षा पाँचको मेरो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासहरूको पहिचान, दुबै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गर्नु, उक्त


दुबै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको सबल र दुर्बल पक्षहरूका पहिचान गर्नु जस्ता उद्देश्य रहेका छन् । पुस्तकालयीय विधि र तुलनात्मक विधिको प्रयोग प्राथमिक तथा द्वितीय स्रोतबाट सामग्रीसङ्कलन गरी अध्ययन गरिएको छ । सजिलो नेपालीमाला पनि मेरो नेपालीमा जस्तै सैद्धान्तिक किसिमका अभ्यासलाई भन्दा प्रयोगात्मक किसिमका अभ्यासलाई बढी महत्व दिइएको पाइन्छ । विद्यार्थीहरूले सजिलोसँग गर्न सक्ने अभ्यासहरू जस्तै उदाहरण हेरी गर्नुपर्ने किसिमका अभ्यासहरू प्रशस्त मात्रामा समावेश छन् । मेरो नेपाली किताबमा कठिन शब्दहरु पाठसँग सम्बन्धि अभ्यास अन्तर्गत जोडा मिलाउ निर्देशनमा फरक ढँगले दिएको छ भने सजिलो नेपाली मालामा प्रत्येक पाठको अन्त्यमा अभ्यास सुरूहुनु भन्दा अगाडि दिइएको पाइन्छ । पाठमा समावेश भएका कठिन शब्दहरूलाई प्रयोगमा ल्याइएको पाइन्छ । सङ्ख्यात्मक हिसाबले हेर्दा सजिलो नेपाली मालामा बढी कठिन शब्दहरू देखिन्छन् । यस्तो निष्कर्ष निकालिएको यस अधययनले अध्ययनको महत्व प्रश्नका प्रकारमा सघाउ पुऱ्याउने हुँदा यसको उपयोग गरिएको छ ।

ढुङ्गाना (२०७२) द्वारा **कक्षा ८ को 'हाम्रो नेपाली किताब' र 'नेपाली'** (**परीक्षणका लागि**) **भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन**शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रको प्रमुख विधाहरूको प्रयोजन अनुरुप नमुना अभ्यासहरूको उपयुक्तता पहिल्याउनु, भाषिक सीप विकासका दृष्टिले दुवै पाठ्यपुस्तकहरूमा समाविष्ट अभ्यासहरूको तुलनात्मक अध्ययन गरी सबल र दुर्वल पक्षहरू छुट्याउन, समान कक्षाका दुई पुस्तकहरूमा दिइएका नमुना अभ्यासहरू विद्यार्थीको रुची क्षमता, स्तर र चाहना अनुरुपको पक्षको पहिचान गर्नु, नमुना अभ्यासभीत्र व्याकरणलाई कुन रुपमा समावेश गरिएको छ भन्ने कुरा पहिचान गरी तुलना गर्नु जस्ता उद्देश्य रहेका छन् । पुस्तकालयीय विधि प्रयोग गएिको छ । 'हाम्रो नेपाली किताब विधा सम्बन्धी नमुना अभ्यासको व्याख्या र विश्लेषणमा आधा भन्दा बढी नमुना अभ्यासहरू बोध तहका छन् भने ऋमश प्रयोग र सिर्जना तहका प्रश्नहरू घट्दो ऋममा रहेका छन् 'नेपाली' विधा सम्बन्धि नमुना अभ्यास अन्तर्गत बोध तहमा बढी नमुना अभ्यासहरू रहेका छन् भन्ने निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रले नमुना अभ्यासका प्रकार अध्ययन विधि नमुना छनोट, उद्देश्य निर्माण जस्ता कार्यमा सहयोग पुऱ्याएकाले यसको गरिएको छ ।

खतिवडा(२०७३) द्वारा **'कक्षा आठको पुरानो र नयाँ नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना'** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा कक्षा आठको पुरानो र नयाँ भाषा पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यास पाठ्यक्रम उद्देश्य अनुरुपताका आधारमा तुलनात्मक विश्लेषण गर्नु, विधा, सीप, स्तरणका आधारमा तुलनात्मक विश्लेषण गर्नु, भाषिक शुद्धता र सिर्जनात्मकताको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । प्रस्तुत शोध अध्ययनका क्रममा सामग्री सङ्कलनका लागि पुस्तककालयीय र नमुना छनोट विधि र व्याख्या तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । दोस्रो पक्षले विद्यार्थीको रुची क्षमता र तह अनुसारका अभ्यासमा राखिएको देखिन्छ । पाठ्यक्रमका अभ्यासहरू निर्माण गर्दा विद्यार्थीको सीप, क्षमता प्रयोग गरिने खालको निर्माण गरिनुपर्दछ । भन्ने निष्कर्ष निकालिएको छ, नमुना अभ्यासको परिचय नमुना अभ्यासमा सोधिने प्रश्नका किसिममा सहयोग पुऱ्याएकोले यसको उपयोग गरिएको छ ।

शर्मा (२०७५) द्वारा **'कक्षा ६ को नेपाली र मेरो प्यारो नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना'**शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा नेपाली र मेरो प्यारो नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन गर्नु, दुबै पाठ्यपुस्तकको नमुना अभ्यासको तुलनात्मक विश्लेषण गर्नु, उक्त नमुना अभ्यासका सबल र दुर्बल पक्ष पत्ता लगाई उपयुक्त सल्लाह सुझाब दिनु जस्ता उद्देश्य रहेका छन् । उक्त शोधमा पुस्तकालयीय विधिको प्रयोग  गरिएको छ । अध्ययन मिश्रित ढाँचामा रहेको छ । त्यस अध्ययनमा नेपाली कविता विधामा शुद्धसँग उच्चारण गरी कापीमा सार भन्ने अभ्यास प्रस्तुत गरिएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा यस शोधकार्यले उद्देश्य निर्माण सामग्री निर्माण, छनोट तथ्याङ्कको व्याख्या विश्लेषणमा सहयोग पुऱ्याएकोले प्रस्तुत शोधको भएकाले यसको उपयोग गरिएको छ ।

## २.२ अध्ययनको अवधारणात्मक खाका



## २.३नमुना अभ्यासको सैद्धान्तिक परिचय

भाषिक सीप आर्जनको मेरुदण्डको रुपमा नमुना अभ्यासलाई लिन सकिन्छ । भाषा पाठ्यक्रममा निदिष्ट उद्देश्य हासिल भए भएनन् भनि जाँच्ने कसीका रूपमा नमुना अभ्यासलाई लिन सकिन्छ । भाषाको व्यवहारिक सीप आजर्नको लागि भाषिक अभ्यास नै अपरिहार्य हुन्छ । कक्षामा अभ्यासात्मक कार्यहरू जति धेरै गराइन्छ त्यति नै शिक्षक कार्यकलाप व्यवहारिक र प्रभावकारी हुन जान्छ । अभ्यासले मानवमा सिर्जनात्मक शैलीको विकास गराउँछ । विषयवस्तु, विधा र सामग्रीहरू मात्र प्राप्त भएर भाषिक सीप प्राप्त गर्न सकिन्न । भाषिक सीप प्राप्त गर्नका लागि भाषा पाठ्यपुस्तकका हरेक पाठको अन्त्यमा समावेश गरिएको अभ्यालाई नै नमुना अभ्यास भनिएको छ । कुनै पाठ्य विषयमा निरन्तर दोहोऱ्याई,तेहऱ्याइ पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यवहारिक पक्षतिर विशेष रुपमा बारम्बार गरिने मिहिनेत भनेर नेपाली बृहत शब्दकोशमा अभ्यास शब्दलाई अर्थ्याइएको पाइन्छ ।

शिक्षण सिकाइलाई गतिशिल एवं प्रभावकारी बनाउन भाषा पाठ्यपुस्तकमा अभ्यासको निर्माण गरिएको हुन्छ । पाठ्य विषयको सबलीकरण, बोध र नयाँ सामग्रीको प्रयोगगत सीप विकास गर्नु, असल अभ्यासका विशेषता हुन् । त्यसैले नमुना अभ्यासहरूमा शिक्षण सामग्रीको विकास गर्ने दृष्टिले आवश्यकता अनुसार क्रियाकलापको व्यवस्था गरिएको हुन्छ । जसले शारीरीक एवमं मानसिक रुपले विद्यार्थीलाई गतिशील तुल्याउँछ । नमुना अभ्यासले विद्यार्थीका लागि मार्गदर्शक र शिक्षकका लागि एउटा सहयोगीको भूमिका निर्वाह गर्दछ । संयोजित विषयवस्तुलाई अझ प्रभावकारी र स्मरणतुल्य बनाउन अभ्यासको अमूल्य योगदान रहेको हुन्छ ।

भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकासका लागि भाषा पाठ्यपुस्तकमा सामग्रीको संयोजन, छनोट तथा स्तरण गरिएको हुन्छ । अपेक्षित उक्त उद्देश्यहरू पूरा गर्ने सन्दर्भमा सो सँग सम्बन्धित अभ्यासहरूको समेत व्यवस्था गरिनु पर्दछ । अन्यथा ती सामग्रीहरूको प्रयोजनहिन हुन जान्छन् । भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासहरूमा भाषाका विविध पक्षसँग शब्द भण्डार, भाषिक सीप विकासमा आधारित हुने शब्द भण्डार, भाषिक संरचना, अभिनय, लिखित तथा मौखिक क्रियाकलाप र गृहकार्य सहितको एउटा

शिक्षणीय नयाँ संलग्न हुन्छ । जसको आधारमा नमुना अभ्यासको निर्माण भएमा सिकाइ प्रभावकारी तथा चिरस्थायी समेत बन्न जान्छ । (गौतम : २०६९:४६)

भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासहरू पाठ्यक्रमका लक्षित उद्देश्य हासिल गर्न सकुन भन्ने अभिप्रायले पाठ्यपुस्तकमा सरल देखि जटिल, मूर्तबाट अमूर्त, आंशिक बाट पूर्णत तथा विद्यार्थीको रूची, स्तर, क्षमतालाई ख्याल गरी अभ्यासको छनोट र स्तरण गरिनुपर्दछ । अभ्यासहरू सिकाई मनोविज्ञान र बाल मनोविज्ञानलाई समेत ध्यान दिई सरलबाट जटिलतर्फ उन्मुख गराइनु पर्दछ । शिक्षक उपस्थित नभएको खण्डमा पनि शिक्षार्थीहरूले भाषिक अभ्यास गर्न सक्ने खालको वातावरणको सिर्जना अभ्यासबाट हुनुपर्दछ । नमुना अभ्यासले भाषाका सिकाईलाई घरमा नै बसेर एककालिन रुपमा भाषिक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ ।

पाठको प्रकृति र प्रस्तुति मेल खाने गरी क्रमशः मौखिक, लिखित र प्रयोगात्मक अभ्यासको व्यवस्था मिलाउनु पर्दछ । शब्दभण्डारण अभ्यास र सिर्जनात्मक प्रकृतिका अभ्यासहरूको पनि आवश्यक तर्जुमा र व्यवस्था मिलाउनु पर्दछ । यी बाहेक अभिव्यक्ति कलासँगै सम्बद्ध व्याख्या, समीक्षा, भावार्थ, सारांश आदिको पनि अभ्यासको व्यवस्था मिलाउनु पर्दछ । भाषाको संरचना पक्षलाई बलियो बनाउने ज्ञान दिने किसिमका नमुना अभ्यासहरू पनि पाठ्यवस्तुको साथ साथमा दिनुपर्दछ । निर्देशन गृहकार्य, परीक्षण, पुनरावृत्ति, प्रोत्साहन आदि काममा मद्धत गर्न पाठ्यपुस्तकमा अभ्यासको व्यवस्था गरिएको पाइन्छ । हरेक पाठ्यपुस्तकमा मूल स्तम्भका रुपमा नमुना अभ्यासलाई लिने गरिन्छ । नमुना  अभ्यासले शिक्षक र विद्यार्थी दुबैको लागि निर्देशनको काम गर्दछ । (अधिकारी २०५०:१७४) विधा एवं उपविधाका प्रयोजन अनुरूप अभ्यासका सहयोगमा भाषा शिक्षण कार्यकलापलाई सञ्चालन गरिनु उपयुक्त ठहर्छ । यसरी नमुनाको महत्वपुर्ण स्थान भाषा पाठ्पुस्तकमा रहेको हुन्छ तसर्थ भाषा पाठ्यपुस्तकमा अभ्यासलाई विभिन्न कोणबाट समेटेर विद्यार्थीहरूलाई क्रियाशिल बनाई भाषिक सीपमा कुशल बनाउन सकेमा मात्र भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका लक्षित उद्देश्य पूरा हुन सक्दछन् ।

कविता भावाभि व्यक्तिको विशिष्ट प्रकार भएकाले भाषाको साहित्यिक आलङ्कारिक शैलीसँग विद्यार्थीहरुलाई परिचित गराई सृजनात्मक क्षमताको विकास गर्ने उद्देश्यले पाठ्यपुस्तकमा कविता विधा समावेश गरिएको हुन्छ । शब्द प्रयोग एवम् शब्द भण्डारको वृद्धि गर्नका लागि

कविता विधाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाली भाषा शिक्षणको मुख्य उद्देश्य भनेको बोध र अभिव्यक्ति क्षमताको विकास गराउनु रहेकोले यो कार्य उक्त क्षमता विकास गराउनमा टेवा  पुग्दछ । कविता विधामा गति, यति, आरोह र अवरोह मिलाएर लयमा सस्वर वाचन गर्न सक्ने बनाउनु र तहगत क्षमता मिलाएर लयमा सस्वर वाचन गर्न सक्ने बनाउनु तहगत क्षमता अनुसारको कविताहरुको सिर्जना गर्ने सस्वर वाचन गर्न सक्ने बनाउनु र तहगत क्षमता अनुसारका कविताहरुको सिर्जना गर्ने क्षमताको विकास गराउनु कविता शिक्षणको मुख्य उद्देश्य हो ।

भाषा पाठ्यपुस्तकमा कथा विधालाई प्रमुख विधाका रुपमा समावेश गरिन्छ । कथा शिक्षणको माध्यमबाट विद्यार्थीहरुमा सृजनात्मका क्षमताको विकास गर्न सकिन्छ । विद्यार्थीहरुको उमेर, तह र रुचि अनुरुपका विभिन्न किसिमका कथाहरु पाठ्यपुस्तकमा समावेश गरिएको हुन्छ । कुनै पनि घटना सिलसिलाबद्ध रुपमा बुझ्न तथा अभिव्यक्त गर्न कथाको संरचनात्मक र प्रस्तुतीकरणगत स्वरुप ठम्याई कथाकथन र लेखन सीपको विकास गर्ने उद्देश्यले पाठ्यपुस्तकमा कथा विधा समावेश गरिन्छ ।

निबन्ध विधाले भाषिक सीप विकासको लागी महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । विद्यार्थीहरुलाई विषय प्रतिको दृष्टिकोणको निर्माणमा सहयोग गर्नु तथा वर्णन कला र लेखन कला वा विषय विस्तार गर्न सक्ने क्षमताको वृद्धि गराउन प्रेरित गर्नु निबन्ध शिक्षणको उद्देश्य हो । आत्मपरक र वस्तुपरक दुवै शैलीलाई दुवै पाठ्यपुस्तकले यहाँ स्थान दिइएको छ । निबन्धहरुको सस्वर वाचन गर्न र छोटा छोटा आफ्नै किसिमका मौलिक कुराहरुलाई अनुच्छेदमा रचना गर्न सक्ने क्षमताको वृद्धि गराउन निबन्ध शिक्षणको उद्देश्य हो ।

जिवनी विधा एउटा त्यस्तो  विधा हो । जिवनी विधाको शिक्षणबाट विद्यार्थीहरुमा चरित्र निर्माण गरी आफ्नो समाज, देश र सम्पूर्णजनताका लागी ठोस योगदान दिने क्षमता तथा सकारात्मक सोचको विकास गर्न सकिन्छ । त्यस्तै यसबाट बोध क्षमता शब्दभण्डारको वृद्धि गरी जीवनी लेख्ने सीपको विकास गर्न सकिन्छ । भाषा पाठ्यपुस्तकमा विभिन्न क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा नाम कमाएका व्यक्तित्वहरुको जीवनी राखिएको हुन्छ । यस्ता व्यक्तिहरुले देश र जनताका लागी उल्लेखनीय र अनुकरणीय कार्य गरेको हुनाले उनीहरुको आदर्श जीवन

र व्यवहारसँग परिचित भई त्यसबाट विद्यार्थीहरुले प्रेरणा लिएर आफ्नो जीवनमा अनुसरण र अनुकरण गर्न सकुन भन्ने उद्देश्यले पाठ्यपुस्तकमा जीवनी विधा समावेश गरिएको हुन्छ ।

माध्यमिक तहमा चिठी विधा राख्नुको मुख्य उद्देश्य विभिन्न विषयवस्तुसँग सम्बन्धित औपचारीक तथा अनौपचारीक चिठीको ढाँचा अनुरुप विभिन्न विषयमा संबोधन, अभिवादन, आदर, सम्मा गरी आफुले भन्न चाहेको कुरा अभिव्यक्त गर्न सक्ने क्षमताको विकास गर्नु हो । यसका लागि विद्यार्थीहरुलाई पाठ्यपुस्तकमा राखिएको चिठी राम्ररी पढ्न लगाई उनीहरुको स्तर अनुरुपका विषय दिएर विभिन्न प्रकारका चिठी लेख्ने अभ्यास गराउनुपर्छ ।

कसैको बोली, व्यवहार, चरित्र आदिको दुरुस्त अनुकरण वा नक्कल गर्नु रुपक हो । माध्यमिक शिक्षा पाठ्यक्रमले वादविवाद, मनोवाद, एकाङ्की आदि उपविधाहरु समावेश गरेको छ ।

क) मनोवाद

पाठ्यक्रमले निर्देशन गरे अनुरुप पाठ्यपुस्तकमा रुपक विधा अन्तर्गत मनोवादलाई पनि समावेश गरिएको छ । खास किसिमका घटना, अवस्था र परिस्थितिमा व्यक्तिको सोचाइ विचार आदिलाई पात्रले मनमनै वा एकालापको रुपमा मात्र प्रस्तुत गरी व्यवहार वा हाउँभाउँको माध्यमबाट गरिने मुख्यतः भाषे तर क्रियाकलाप नै मनोवाद हो ।

ख) एकाङ्की

एकाङ्की साहित्यको दृश्य विधा अन्तर्गत पाठ्यपुस्तकमा यो विधा विद्यार्थीहरुमा मौखिक भाषा सरल, सहज र स्वभाविक प्रकारले प्रस्तुति गर्ने कलाको विकास गराउने उद्देश्यले राखिएको हुन्छ । विद्यार्थीहरुमा एकाङ्कीका पात्रहरुको बोली हाउभाउ भेषभुष, व्यवहार, आदिको अभिनय गर्ने क्षमताको विकास गर्ने अपेक्षा पनि यस विधाले लिएको हुन्छ । पाठ्यपुस्तकमा रहेका एकाङ्की विधा शिक्षणका क्रममा विद्यार्थीहरुलाई विभिन्न पात्रको भूमिका निर्वाह गर्न लगाई उनीहरुभित्र रहेको अभिनयात्मक क्षमता उजागर गर्न यसलाई उपयोग गर्नुपर्ने देखिन्छ । यस क्रममा शिक्षक आफैले पनि अभिनय गरेर देखाइदिने तथा विद्यार्थीहरुलाई अभिनय गर्न उत्प्रेरित गर्नुपर्दछ ।

ग) वादविवाद

कुनै पनि विषयमा आपसी महत्व भएका तर एक पक्षबाट तर्क राख्न सकिने विषयका बारेमा तार्किक अभिव्यक्ति दिने कौशलको विकासका लागि वादविवाद समावेश गरिएको छ ।

२.४ भाषा शिक्षणमा नमुना अभ्यासको महŒव

भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण हो । पाठ्यक्रम निर्माण गर्दा समयक्रम अनुसार देशको बदलिदो परिस्थिति राष्ट्रको आवश्यकता, जनभावना र समाजको चाहना अनुसार गरिनु पर्दछ । पाठ्यक्रम निर्माण गर्दा समाजका बुद्धिजीवी, विषय विशषज्ञ, शिक्षक वर्ग, समाजसेवी आदिको सल्लाह सुझावका आधारमा देशकाल र परिस्थिति अनुकुल तयार गरिन्छ । पाठ्यक्रममा राखिएका उद्देश्यहरू पुरा गर्नका लागि पाठ्यक्रम अनुसार पाठ्यपुस्तकको निर्माण गरिनु पर्दछ । पाठ्यक्रम अनुसार पाठ्य पुस्तक निर्माण गर्दा विद्यार्थीको तह, रूची, उमेर, स्तर र क्षमतालाई ध्यानमा राखी पाठ्यपुस्तक तयार गरिन्छ । उद्देश्य, विषयवस्तु, शिक्षण विधि र मूल्याङ्कन पाठ्यक्रमक तत्वहरू हुन् । प्रत्येक पाठ वा विधाको अन्त्यमा अभ्यासहरू राखिन्छन् । ती अभ्यासहरू विधाको प्रकृति र प्रयोजन अनुरुप तयार गरिएका हुन्छन् । यसले विद्यार्थीहलाई बढीभन्दा बढी अभ्यास गर्ने मौका प्रदान गरेको हुन्छ । नमुना अभ्यासबाट विद्यार्थीले अध्ययन गराइएको पाठबाट के कति ज्ञान सीपहरू हासिल गर्न सक्षम भए वा भएनन् भनी तत्काल जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउँछ । विद्यार्थीलाई अभ्यास गर्ने बानीको विकास गराउँछ । यसका साथै विद्यार्थीहरूमा विविध विषय बस्तुको प्रसङ्ग अनुकुल लेखन सीपको विकास गराउँछ । आफूले जानेको कुरा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरूमा विद्यार्थीहरू निश्चित विषय वस्तुहरूबाट के कति कुरामा भए भएनन् भनी मार्गदर्शन गर्न तथा कमी कमजोरीहरूलाई सच्याइ क्रमिक रूपमा सुधार गर्न अभ्यासले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । अभ्यासले विद्यार्थीको कठिनाई पहिचान गर्न, विद्यार्थीहरूको वर्गीकरण गर्न, रूची, ज्ञान, सीप र दक्षता जस्ता कुरा पत्ता लगाउन समेत शिक्षकलाई मार्ग निर्देशन गरेको हुन्छ । नमुना अभ्यासले विद्यार्थीको भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्दछ । भाषाको समुचित प्रयोग गर्ने क्षमताको वृद्धी हुन्छ । अभिव्यक्तिमा ओजपुर्णता प्रस्तुतिमा मिठास एवम्

तार्किकता र साहित्यमा समेत मिठास ल्याई विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गर्न महत्वपूर्ण भुमिका खेलेको हुन्छ (खतिवडा, २०७३:१०) ।

नमुना अभ्यासले शिक्षार्थीहरूमा शिक्षण सिकाइद्वारा हासिल गर्नुपर्ने सिकाइ उपलब्धिहरूको बोध क्षमता, प्रयोग क्षमता, परिचयात्मक धारणात्मक र पहिचानात्मक क्षमताको अभिवृद्धि गर्दछ । भाषा शिक्षणका लागि नमुना अभ्यास अति नै महत्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । यसले विद्यार्थीका भिन्न खालका कमी कमजोरीहरूलाई सुधार गरी क्रमिक रूपमा अगाडी बढ्न प्रेरणा प्रदान गर्दछ ।

मुल्याङ्कनको प्रभावकारी अङ्गका रूपमा पनि नमुना अभ्यासलाई लिन सकिन्छ । निर्माणात्मक मुल्याङ्कनले भाषा शिक्षणबाट पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य हासिल गर्न मार्ग दर्शन गर्दछ । त्यसैले नमुना अभ्यासलाई निर्माणात्मक मुल्याङ्कनको शसक्त र प्रमुख औजार हो भन्न सकिन्छ ।

## २.५ विधा र नमुना अभ्यासको सम्बन्ध

कुनै भाषा पाठ्यपुस्तकमा राखिएका विधा एवम् उपलब्धि भाषिक सीप वृद्धिका लागि सहयोग पुऱ्याउने किसिमले हुनुपर्छ । भाषिक कला तथा कुशलता प्रति ध्यान नदिने किसिमका विधा तथा उप विधा भइदिए भने तिनबाट भाषिक उद्देश्य प्राप्तीका लाीग मद्दत पुग्दैन । पाठ्यक्रमको उद्देश्य अनुसार पाठ्यपुस्तकमा विधाहरूको छनौट गरिएको छ भने मात्र उद्देश्य पूरा गर्न सजिलो हुन्छ । पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासहरू भाषिक कुशलता वृद्धि तथा विकासमा सहयोग पुऱ्याउने खालका भएनन् भने शिक्षक स्वयम्ले उक्त विधा तथा उपविधाहरूमा आवश्यकता अनुसारको नयाँ नमुना अभ्यास निर्माण गरी विद्यार्थीहरूलाई पुनः अभ्यास गराउनु पर्दछ । अभ्यासहरू विधा एवम् उपविधाको मूल प्रयोजन अनुरुपमा हुनु अनिवार्य ठहरिन्छ । जस्तै कथा विधाबाट  विद्यार्थीले बोध क्षमताको विकास वाक्य गठन, द्रुतपठन प्राप्त गरेको हुनु पर्दछ । त्यसका अतिरिक्त भाषिक अभ्यासका लागि राखिएका कुनै विधाहरू स्तरीय छैनन् भने शिक्षकले आवश्यकता अनुसार पाठ्यक्रमको उद्देश्य विपरित नजाने गरी आफैले नमुना अभ्यास सिर्जना गरी अभ्यास गराउनु पर्दछ । शिक्षक सक्रिय भई निर्माण

गरिएका नमुना अभ्यासमा विद्यार्थीहरूलाई संलग्न गराएमा भाषिक सीपमा वृद्धि हुनुका साथै प्रभावकारी ठहर्छ (रास्कोटी, २०७०: १९)

समग्रमा भन्नुपर्दा पाठ्यपुस्तकमा समावेश भएका पाठभन्दा त्यसका अन्त्यमा राखिएका नमुना अभ्यासले भाषीक सीप विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने हुन्छन् । विधा र नमुना अभ्यासको सम्बन्ध नङ् र मासुको जस्तो हुन्छ । एकको अभावमा अर्काको अस्तित्व नरहने अवस्था हुनसक्छ । त्यसको आशय मूल पाठको महत्व रहदैन भन्ने चाहिँ होइन । विधाको आधारमा नै नमुना अभ्यास गराइने भएकाले भाषिक कुशलता प्राप्तिका लागि यी दुवैको सम्बन्ध रहिरहनु पर्ने आवश्यकता हुन्छ ।

## २.६ नमुना अभ्यासमा समावेश प्रश्नका किसिम

नमुना अभ्यासमा विभिन्न किसिमका प्रश्नहरू समावेश गरिएका हुन्छन् । कुनै विषय वस्तुमा आधारित प्रश्न हुन्छन् भने कुनै भाषिक सीपमा आधारित प्रश्न अन्य विषयको तुलनामा भाषा विषयका नमुना अभ्यास फरक हुने भएकाले यसमा समावेश गरिने प्रश्नहरू पनि फरक हुन स्वभाविक हो । भाषा सिकाइका उद्देश्य भाषाका चारवटै सीपको विकास गराउनु हो । त्यसैले एकै किसिमका प्रश्नहरुबाट सिकाइ उपलब्धीको मापन एवम् विकासमा सघाउ पुग्न सक्दैन र भाषा शिक्षणका दृष्टिले पनि उपयोगी मान्न सकिदैन । भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासका लागि समावेश गरिने प्रश्नहरूलाई विभिन्न किसिमबाट विभाजन गर्न सकिन्छ ।( श्रेष्ठ, २०७३:१५)

### २.६.१ विषयवस्तुमा आधारित प्रश्न

भाषा शिक्षण भनेको विषयवस्तुको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण गर्नु  हो । भाषा शिक्षणका दृष्टिले भाषा पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु गौण हुन्छन् र भाषिक सीप आर्जन गर्ने विषयवस्तु अपरिहार्य हुन्छ । अतः अभ्यासका प्रश्नहरू खास गरी बोध, तर्कपुर्ण, अभिव्यक्ती व्याख्या, समीक्षा, सार, भावार्थ, रचना जस्ता कुराको प्रतिनिधित्व गराउनका लागि विषयवस्तुको सहयोग लिनुपर्दछ । (ज्ञवाली २०६०:१२) विषयवस्तुका आधारमा निर्माण गरिने प्रश्नहरू बोध र अभिव्यक्ति गरी दुई क्षेत्रबाट नियाल्न सकिन्छ ।

## २.६.२ भाषिक सीपमा आधारित प्रश्न

भाषिक मूल्याङ्कनका सन्दर्भमा परीक्षणीय  प्रश्न निर्माण महत्वपूर्ण प्रविधि मानिन्छ । भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण हो । नमुना अभ्यासको निर्माण गर्दा भाषिक सीपलाई सन्तुलित रुपमा समावेश गर्नु पर्दछ । पाठ्यपुस्तकमा समावेश गरिने नमुना अभ्यासमा विशेष गरी तल्ला तहका कक्षामा मौखिक सीपमा आधारित प्रश्नलाई जोड दिनु पर्दछ । सुनाइ र बोलाइ बोध पक्षसँग सम्बन्धित भएकाले माथिल्लो तहका लागि बढी उपयुक्त मानिन्छ । समग्रमा विद्यार्थीले उमेर, स्तर, तह, रूची अनुसार पाठ्यपुस्तकका सम्पूर्ण विाद्यार्थीलाई समेट्ने गरी भाषाका सबै सीपको लेखा जोखा गर्ने खालका प्रश्नहरू निर्माण गर्नु सान्दर्भिक मानिन्छ ।

भाषाका सीपहरूको संक्षिप्त परिचय निम्न अनुसार प्रस्तुत गरिन्छ :

(क) **सुनाइ** : सुनाइ भनेको वक्ताको हाउँभाउँ समेतलाई विचार गरेर आश्रयगत अर्थ पनि पत्ता लगाउन हो ।

भाषाका चारवटा सीपहरू मध्ये सुनाइ पहिलो आधारभुत सीप हो । वक्ताले भनेका कुरा श्रोताले सुनेको छ तर त्यसको अर्थ, भाव, विचार अभिप्राय बुझ्न सकेन भने त्यसलाई सुनाइभनिदैन ।

जस्तै : पाठको दोस्रो अनुच्छेद सुनेर तलका प्रश्नको उत्तर दिनुहोस् :

क) चोरीको माल बाँड्ने माध्यम कुन हो ?

ख) चोरीको कति भाव चाहिँ ढुकुटीमा जम्मा हुन्छ ?

(ख) **बोलाइ**

आफ्ना आवश्यकता पूरा गर्न इच्छा र जिज्ञासा व्यक्त गर्न, निर्देशन दिन, मौखिक रूपमा व्यक्त गर्नु बोलाइ हो । बोलाइ भाषाको दोस्रो आधारभूत सीप हो । वक्ताले देखे सुनेका तथा अनुभव गरेका कुराहरू श्रोता सामु सरल, सहज र स्पष्ट तरिकाले मौखिक रुपले व्यक्त गर्नुलाई बोलाइ भनिन्छ ।

जस्तै : तलका शब्दहरू ठीकसँग उच्चारण गर्नुहोस् :

क्षणिक, खुल्दुली, प्रतिक्षा, रिक्तता

**(ग) पढाइ**

पढाइ सम्बन्ध बोध क्षमतासँग रहेको हुन्छ । पढाइ भाषाको तेस्रो भाषिक सीप हो । लिपिबद्ध सामग्रीलाई आँखा र मष्तिष्कका माध्यम बाट अर्थ ग्रहण गर्दै पढ्नुलाई पढाइ भनिएको छ । यसमा लिपी चिह्नहरूको पहिचान गर्न तथा लिपिमा प्रयोग गरिएका चिह्नहरूको भिन्नता छुट्याउन सक्नुपर्दछ । पढाइ र मौन गरी दुई प्रकारका हुन्छन् । जस्तै :

क) पाठ पढेपछि लेखक कस्तो खालकी हुन भन्ने कुरा अनुमान गर्नुभयो लेख्नुहोस् ?

ख) चौथो र पाँचौ अनुच्छेदलाई सस्वर वाचन गर्नुहोस् ?

**(घ) लेखाइ**

लेखाइ सीप भाषिक सीप विकासको चौथो आधारभूत सीप हो । आफ्ना अभिव्यक्तिलाई लिपिबद्ध रुपले व्यक्त गर्ने माध्यम लेखाइ हो । सुनेका, देखेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्ने कार्य लेखाइ हो । टाढा रहेका व्यक्तिसङ्ग देखि आफ्ना भावना पुऱ्याउन कुनै प्रसङ्ग विचारमा आएका कुरा दिर्घकालसम्म संचित गरेर राख्न दैनिक व्यवहारीककार्य सम्पन्न गर्न । सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सीपको विशेष खाँचो पर्दछ । (पौडेल, २०७०:१०४)

जस्तै :

क) निबन्धको सातौं अनुच्छेदबाट मुख्य मुख्य पाँच बुँदाटिपी सारांश लेख्नुहोस् ?

ख) शारदीय आकाश शीर्षकमा बुँदा तयार पारी एउटाआत्मपरक निबन्ध रचना गर्नुहोस् ?

### २.६.३ शब्दभण्डारमा आधारित प्रश्न

भाषा शिक्षण सिकाइका सन्दर्भमा हरेक समयमा शब्दार्थको जानकारी आवश्यक हुन्छ । शिक्षण सिकाइका क्रममा हरेक समयमा नयाँ नयाँ शब्दहरू प्रयोगमा आउँछन् । कतिपय शब्दहरू दोहोरिन्छन् । त्यतिमात्र होइन, एउटै शब्दले विभिन्न संरचनात्मक आकृति लिएर देखा पर्न सक्छ अनि त्यो प्रसङ्ग अनुसार बेग्ला बेग्लै अर्थ र अभिप्राय बहन गरेर समेत प्रयोगमा आउने सम्भावना हुन्छ । यिनै विभिन्न कारणले गर्दा भाषा शिक्षणमा शब्दभण्डार क्षमताको यथेष्ट विकास गर्नुपर्ने खाँचो पर्छ । भाषालाई ग्रहण र अभिव्यक्तिका दृष्टिले अर्थपुर्ण, आशयपुर्ण र प्रभावकारी बनाउन र सो अनुरूप शब्द उपयोग गरी सीप हाँसिल गराउन शब्दभण्डार क्षमताको वृद्धि भाषा शिक्षणको अनिवार्य कार्य ठहरिन्छ (शर्मा र पौड्याल, २०७२ :१६८,१६९) । पाठ्यपुस्तकमा अभ्यासमा दिइएका शब्दार्थ विद्यार्थीले बुभ्न सक्ने सरल र स्पष्ट भाषामा उल्लेख गरिनुपर्दछ । विद्यार्थीमा शब्दभण्डार सम्बन्धी ज्ञानका लागि पर्यायवाची, विपरितार्थी, अनेकार्थी, श्रुतिसम्भिनार्थी, परिभाषिक, प्राविधिक, कोटिकार, लघुतावाची जस्ता शब्दहरूको स्तर अनुसार छनोट र स्तरण गरी अभ्यास गराउनु पर्दछ ।

#### २.६.३.१ विषयगत प्रश्न

विषयगत प्रश्नलाई व्यक्तिनीष्ठ प्रश्न पनि भन्ने गरिन्छ । विद्यार्थीका स्वतन्त्र मौखिक एवं सिर्जनशील अभिव्यक्ति जाँच्नका लागि लामो वा छोटो उत्तर लेख्ने किसिमको प्रश्नहरूलाई विषयगत प्रश्न भनिन्छ । यस्तो प्रश्नलाई व्यक्तिनीष्ठ पनि भन्ने गरिन्छ । प्रत्येक विद्यार्थीले आफ्नो वैयक्तिक क्षमता, सीप र शैलीको प्रयोग गरेर देखाउने अवसर पाउने भएकाले नै यस्ता प्रश्नहरू लामो उत्तर आउने र छोटो उत्तरात्मक गरी २ प्रकारका छन् ।

अ) लामो उत्तर आउने प्रश्न

विद्यार्थीको विषय प्रतिको ज्ञान, विषयगत अवधारणा, मौलिकता, विश्लेषण क्षमता, आलोचना, समालोचना आदि क्षमताको मूल्याङ्कन गर्ने उद्देश्यले लामो उत्तर आउने प्रश्न सोधिन्छ । यस्ता प्रश्नले विस्तृत र स्वतन्त्र उत्तर माग्दछन् । यसमा आफ्नो विचारको संगठन

गर्ने क्षमताको प्रदर्शन गर्न, स्वतन्त्र,तर्क गर्न समस्या समाधान गर्ने स्वतन्त्रता परीक्षार्थीलाई प्राप्त हुन्छ । यस प्रकारका प्रश्नका विशेषताहरू यस प्रकार छन् :

- शक्ति परीक्षण, बौद्धिक क्षमताको मापन हुने,
- विश्लेषणात्मक र आलोचनात्मक क्षमता प्रदर्शन हुने,
- तार्किक तथा समस्या समाधानका तौर तरिका मापन गर्न सकिने,
- विषयवस्तुको ठूलो क्षेत्र समेटन्न सक्ने,
- विद्यार्थीले सोचेर विचार गरेर लेख्न पाउने ।

(अधिकारी २०७२:७०५)

क) छोटो उत्तरात्मक प्रश्न :

कम समयमा छोटो ढङ्गले विद्यार्थीको क्षमता नाप्ने खालका प्रश्नलाई संक्षिप्त उत्तरात्मक प्रश्न भनिएको छ । यस खालका प्रश्नहरू एक शब्ददेखि लिएर एक दुई अनुच्छेद सम्म उत्तर दिने खालका हुन्छन् । शब्दार्थ, शब्द प्रयोग वाक्य निर्माण, वर्ण विन्यास, सङ्क्षेपीकरण, भाव विस्तार गर्ने, जस्ता सीप क्षमताको परीक्षण गर्न यस किसिमका प्रश्नहरू सङ्क्षिप्त उत्तरात्मक प्रश्नमा प्रयोग गर्न सकिन्छ । जस्तै :भविष्यको योजना भन्नाले के बुझिन्छ ?

ख) वस्तुगत प्रश्न

वस्तुगत प्रश्नमा एक पटकमा एउटा कुराको मात्र परिक्षण गर्न सकिन्छ । यस्ता प्रश्नहरूको मुख्यतः पहिचानात्मक परिक्षणका लागि उपयोगी हुन्छन् । छोटो समयमा प्रश्नपत्र जाँच्न सकिने पूर्वाग्रही नहुने तथा विद्यार्थीहरूको सीप दक्षता, स्मरण शक्तिको एकैपटक मापन गर्न सकिने भएकाले यस्ता प्रश्नको उपयोगीता बढिरहेको पाइन्छ । भाषा शिक्षणमा उपयोग गर्न सकिने वस्तुगत रूपमा प्रचलित केही प्रश्नहरू यहाँ उल्लेख गरिएको छ ।

अ) बहुवैकल्पिक प्रश्न

वस्तुगत परीक्षणका विविध प्रकारहरू मध्ये सबैभन्दा बढी लोकप्रिय र चलन चल्तिमा रहेको प्रश्न बहुवैकल्पिक प्रश्न हो । यस किसिमको प्रश्नमा परीक्षार्थीहरूलाई विभिन्न सम्भावित उत्तरहरू पनि प्रश्नसँगै दिइएको हुन्छ । यसरी दिइएका उत्तर मध्ये परीक्षार्थीले सबैभन्दा उपयुक्त, उत्तरको छनोट गनुपर्छ वहुवैकलपिक प्रश्नमा समस्याको रुपमा एउटा कथन दिइएको हुन्छ । उक्त कथनको ठीक तल लम्बीय रुपमा सामान्यतया चारवटा विकल्पहरू दिइएको हुन्छ ।

उक्त कथनको ठीक तल लम्बीय रुपमा सामान्यतया चारवटा विकल्पहरू दिइएको हुन्छ । यी मध्ये तीनवटा विकल्पहरू गलत हुन्छन् र एउटा मात्र विकल्प सही हुन्छ । परिक्षार्थीले समस्याको रुपमा दिइएको कथनलाई राम्ररी बुझेर यही सही विकल्पमा ठीक चिन्ह लगाउने अथवा गोलो गर्ने काम गर्नु पर्दछ ।जस्तै : तलका मध्ये पूर्ण विराम चिन्ह कुन हो ?

(क) ?  (ख) ।  (ग) ,  (घ) !  (श्रेष्ठ २०७३ :२०)

आ) ठीक बेठिक छुट्याउने प्रश्न

यस प्रकारका प्रश्नमा शुद्ध अशुद्ध वा उपयुक्त अनुपयुक्त वाक्यहरू एक ठाउँमा दिइएका हुन्छन् । परीक्षार्थीले दुवै किसीमका वाक्यांशहरूका अगाडि खाली ठाउँमा सत्य भए (ठीक) र असत्य भए (बेठिक) चिन्ह दिनुपर्दछ वा सत्य भए (स) र असत्य भए (अ) लेख्नुपर्दछ ।

तल दिइएका वाक्यहरू ठीक भए कोष्ठभित्र सही रेजा चिन्ह र बेठीक भए क्रस चिन्ह लगाउनुहोस् :

क) नेपालको पहिलो प्रधानमन्त्री माथवर सिंह थापा हुन् । ( )

ख) १०० डिग्री तापक्रममा पानी उम्लन्छ । ( ) (के.सी २०४२ :२२)

इ) जोडा मिलाउने

वाक्य वा शब्दलाई दुई समूह भागमा वा पद्धतिमा छ्यासमिस गरी राखेर तिनीहरूको सम्बन्धका जोडा मिलाउने खालका प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिएको छ । यस्ता प्रश्न निर्माण गर्दा दुवै समूहका वाक्य वा शब्दहरूको सम्बन्ध मिलेको हुनुपर्छ र त्यही सम्बन्धको आधारमा

विद्यार्थीले धर्को तानेर संकेतद्धारा जोडा मिलाउनु पर्ने हुन्छ । (शर्मा र पौडेल २०६७:३६४) तल्ला कक्षाहरूमा बढी उपयोगमा ल्याईने यस्ता प्रश्नहरू श्रुतिबोध पठनबोध र खास गरी पहिचानात्मक प्रकृतिका शब्दगत सम्बन्धको परीक्षण गर्न उपयोगी मानिन्छन् । यसको उपयोग भाषिक परीक्षणसँग सन्दर्भमा सीमित मात्रामा भएको पाईन्छ ।

ई) खाली ठाउँ भर्ने प्रश्न

प्रश्नका आधारमा वाक्यमै निश्चित शब्दहरू हटाएर खाली ठाउँ राखी ती ठाउँहरूमा उपयुक्त शब्द भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिएको छ । यस्ता प्रश्नहरू खुला प्रकृतिका र बहुवैकल्पितक प्रकृतिका हुन्छन् । यस्तो विकल्प कक्षाको स्तर हेरी विद्यार्थी स्वयम्ले वचन, लिङ्ग, काल, पुरुष, आदर आदि सम्बन्धी सङ्गति मिलाएर भर्नुपर्ने गरी एउटा मूल शब्द वा धातुको रुपमा पनि हुन सक्छ । जो मिलाउने प्रकृतिका खाली ठाउँ भर्ने प्रश्नहरूका खाली ठाउँ भर्ने आधार वाक्यका अगाडी वा पछाडी जति वटा खाली ठाउँ भर्ने सङ्ख्यामा शब्दहरू छ्यासमिस गरेर राखिएका हुन्छन् र उपयुक्त शब्द छानेर उपयुक्त ठाउँमा परीक्षार्थीले भर्नुपर्ने हुन्छ (शर्मा र पौडेल, २०६७:३६३) ।

# अध्याय : तीन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत शोध अध्ययन कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास रहेको छ । उक्त अध्ययनमा अनुसन्धान विधि तथा प्रक्रिया अन्तर्गत अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत, जनसङ्ख्या तथा नमुना छनोट, तथ्याङ्कका सामाग्रीको मानकीकरण, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको व्याख्या र विश्लेषण तथा अनुसन्धान प्रतिवेदनको ढाँचा प्रस्तुत गरिएको छ । यसको चर्चा निम्नानुसार गरिएको छ :

## ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत शोधपत्र तयार गर्नका लागि नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पुरानो (२०६४) र नयाँ (२०७४) को भाषा पाठ्यपुस्तकलाई लिइएको छ । दुई पुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक विश्लेषण र व्याख्या गर्नुपर्ने भएकोले उक्त शोध अध्ययन  गुणात्मक ढाँचामा रहकोछ । साथै केही तथ्याङ्कलाई सङ्ख्यामा पनि प्रस्तुत गरिएको छ त्यसैले यो अध्ययन मिश्रित ढाँचामा रहेको छ ।

## ३.२ जनसङ्ख्या तथा नमुना छनोट

विद्यालय तहका सम्पूर्ण भाषा पाठ्यपुस्तकहरू जनसङ्ख्याका रुपमा रहेका छन् भने कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली भाषा पाठ्यपुस्तकमा धेरै प्रकारका नमुना अभ्यासहरू रहेका छन् । प्रस्तुत शोधमा नमुना अभ्यास छनोट गर्दा सम्भावना रहित नमुना छनोट अन्तर्गत उद्देश्यमुलक नमुना छनौट विधिबाट कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासलाई नमुनाको रुपमा छनोट गरिएको छ । उक्त भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासलाई सुविधा जनक विधिबाट नमुनाको रुपमा छनौट गरिएको छ । उक्त नमुना अभ्यासको छनोट भएका अभ्यासलाई तथ्याङ्क शास्त्रीय विधि प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

प्रस्तुत शोधमा तथ्याङ्कको प्रकृति मिश्रित प्रकृतिको रहेको छ । उक्त शोधमा कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरु बीचको तुलना गरिएको छ । उक्त भाषा पाठ्यपुस्तक भित्र रहेका नमुना अभ्यासलाई सङ्ख्यामा प्रस्तुत गरे तापनि बढी जसो उक्त पुस्तकहरू भित्र रहेका नमुना अभ्यासको व्याख्या र विश्लेषण गर्नुपर्ने भएकाले उक्त शोधको तथ्याङ्कको प्रकृति मिश्रित रहेका छन् । प्राथमिक स्रोत अन्तर्गत कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को पुस्तक रहेका छन् । आवश्यक सैद्धान्तिक आधार तयार पार्न विभिन्न पुस्तकहरू अप्रकाशित शोधपत्र समेतको उपयोग गरिएकाले द्धितीय स्रोतबाट सङ्कलित सामग्रीको प्रयोग गरिएको छ ।

तथ्याङ्क संकलनको स्रोत प्राथमिक र द्धितीय रहेका छन् :

(क) प्राथमिक

(ख) द्धितीय

**(क) प्राथमिक स्रोत**

प्रस्तुत आधारभूत तह कक्षा १० पुरानो (२०६४) र नयाँ (२०७४) का नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन शीर्षकमा शोध कार्य गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू सङ्कलन गर्न प्राथमिक स्रोतका रूपमा नेपाल सरकार, शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानेठीमी भक्तपुरद्वारा प्रकाशित माध्यमिक तह कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को पाठ्यपुस्तकलाई लिइएको छ ।

**(ख) द्धितीयस्रोत**

अध्ययनका क्रममा समस्यासँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू, लेख, शोधपत्र, कृति समीक्षा र अप्रकाशित शोधपत्रलाई सामग्रीका रूपमा उपयोग गरिएको छ । यस्ता सामग्री संकलनका लागि पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ ।

## ३.४ सामग्री निर्माण र मानकीकरण

प्रस्तुत अध्ययन कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) को पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा आधारित छ । अतः यस अध्ययनमा प्रयुक्त सामग्री स्वनिर्मित रहेका छन् । उक्त सामग्रीलाई शोध निर्देशक विषय शिक्षकको सल्लाह सुझावका आधारमा मानकीकरण गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलना गरिएको छ । यस अध्ययनमा पाठ्यपुस्तकमा भएका सूचनाहरूको सङ्कलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

### पुस्तकालयीय विधि

यस शोधकार्यलाई आवश्यक तथ्याङ्क सङ्कलन गर्न पुस्तकालयको प्रयोग गरी विभिन्न शोधपत्र पाठ्यपुस्तक र अन्य आवश्यक सामग्री प्रयोग गरिएको छ । त्यसैले यस शोधकार्यलाई सफलता पूर्वक अगाडि बढाउन, पुस्तकालयीय विधिको उपयोग गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत शोध अध्ययनमा आधारभूत तह कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) भाषा पाठ्यपुस्तक रहेको छ । यसमा अभ्यासहरुको अध्ययन विधागत रुपमा गरिएको छ । जसलाई स्पष्ट पार्न तालिकाको उपयोग गरिएको छ । उक्त तालिकाका आधारमा तुलनात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

## ३.७अनुसन्धान प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनको ढाँचा निम्नानुसार रहेको छ :

(क) **प्रारम्भिक भाग :**

यो शोध पत्रको पहिलो खण्ड हो । यस खण्डमा मुख्यपृष्ठ, प्रतिबद्धता पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषयसूची, तालिका सूची र  शब्द सङ्क्षेपीकरण रहेका  छन् ।

(ख) **मूल भाग**

शोधपत्रको महत्वपूर्ण भाग मुल भाग हो । यस खण्डमा अनुसन्धान प्रतिवेदनको ढाँचाको मध्य भाग हो । जुन खण्डमा अनुसन्धान कार्यको विवरण रहन्छ । यस खण्डमा शोध कार्यमा अध्याय र शीर्षकहरू तथा उपशीर्षकहरू राखी अध्ययन विश्लेषण गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमी, समस्या कथन, अध्ययनको उद्देश्य, औचित्य, परिसीमा र अध्ययनको रूपरेखा रहेको छ । त्यस्तै दोस्रो अध्यायमा सम्बन्धित साहित्यको समिक्षाको साथै अध्ययनको अवधारणात्मक खाका र नमूना अभ्यासको सैद्धान्तिक अध्ययन गरिएको  छ । यस खण्डको अध्याय तीनमा अध्ययनको क्रममा अपनाइने विधि र प्रक्रिया उल्लेख गरिएको छ । अध्याय चारमा उपयुक्त विधि र प्रक्रिया अवलम्बन गरी नमूना अभ्यासको शाब्दीक र सङ्ख्यात्मक तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ भने अध्याय पाँचमा शोधको निष्कर्ष, सुझाव र यस खण्डको अन्त्यतिर सन्दर्भ सामग्री सूची रहेको छ ।

(ग) **उत्तर भाग**

यो शोधपत्रको अन्तिम भाग हो । यो खण्डमा अनुसन्धानलाई विश्वसनीय वैध र प्रमाणित गराउने विषयवस्तु समावेश गरिएको छ । यस शोधमात्रको उत्तर भागमा परिशिष्ट र व्यक्तिवृत्तलाई राखिएको छ ।

# अध्याय चार

# नमुना अभ्यासको व्याख्या विश्लेषण

## ४.१ नमुना अभ्यासको अध्ययन

यस अध्ययनमा माध्यमिक तह कक्षा दशको पुरानो र नयाँ नेपाली भाषा पाठ्यपुस्तकका अन्त्यमा दिइएका नमुना अभ्यास र तिनको विश्लेषण गरिएको छ

### ४.१.१ कक्षा दशको पुरानो (२०६४) र नयाँ (२०७४) नेपाली पाठ्यपुस्तकको विधागत अभ्यासहरुको संख्याको सूची

तालिका नं.१

| क.सं. | नेपाली पुरानो (२०६४) | अभ्यास सङ्ख्या | क.सं. | नेपाली नयाँ (२०७४) | अभ्यास सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | कविता | ३६ | १ | कविता | ५६ |
| २ | कथा | ३९ | २ | कथा | ७२ |
| ३ | निबन्ध | ४६ | ३ | निबन्ध | ५९ |
| ४ | जीवनी | ३८ | ४ | जीवनी | ३४ |
| ५ | चिठी | ६ | ५ | चिठी | १७ |
| ६ | रुपक | ३७ | ६ | रुपक | ४९ |
| जम्मा | | २०२ | जम्मा | | २८७ |

माथिको तालिकाको आधारमा हेर्दा कक्षा दसको पुरानो र नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा १६ वटा पाठहरु रहेका छन् । पुरानो २०६४ को पाठ्यपुस्तकमा कविता विधा, कथा विधा, जीवनी, रुपक र चिठी विधा गरी १६ वटा पाठहरु प्रस्तुत गरिएको छ । नयाँ २०७४ को पुस्तकमा

कविता, कथा, जीवनी, चिठी, रुपक गरी १६ ओटा पाठहरु प्रस्तुत गरिएको छ । विधागत रुपमा नमुना अभ्यासको विश्लेषण गर्ने क्रममा कविता विधा भित्र रहेको अभ्यासबाट विश्लेषण गरिएको छ ।

### ४.२ माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट गरिएका विधा अनुरुपका अभ्यासहरुको तुलनात्मक अध्ययन तथा विश्लेषण

### ४.२.१ कविता विधाका नमुना अभ्यासहरुको व्याख्या तथा विश्लेषण

उक्त उद्देश्य हासिल गर्नका लागि माध्यमिक तह कक्षा दसको पुरानो २०६४ को पुस्तकमा ३ वटा कविता र नयाँका ३ वटा कविता समावेश गरिएको छ । दस कक्षाको नेपाली पाठ्यपुस्तकमा रहेको कविता विधाका नमुना अभ्यासको विश्लेषण गरिएको छ ।

#### ४.२.१.१ माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकको कविता विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या विश्लेषण तथा तुलना

तालिका नं. २

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रश्नोत्तर | ६ | १ | १ | ३ | | ११ |
| २ | बैशाख | ७ | १ | १ | २ | | ११ |
| ३ | सहिदहरुको सम्झना | ८ | १ | १ | ३ | १ | १४ |
| जम्मा | | २१ | ३ | ३ | ८ | १ | ३६ |
| प्रतिशत | | ५८.३३ | ८.३३ | ८.३३ | १९.४४ | २.७८ | १०० |

माथिको तालिका अनुसार माध्यमिक तह कक्षा दसको पुरानो नेपाली किताबमा कविता विधा अन्तर्गत ३ वटा पाठहरु समावेश गरिएका छन् । यी ३ वटा पाठमा जम्मा ३६ वटा प्रश्नहरु समाविष्ट गरिएका छन् । यो मध्ये २१ वटा प्रश्नहरु बोधात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ५८.३३ प्रतिशत हो ।

३ वटा प्रश्नहरु सिर्जनात्मक जुन कुल प्रश्न संख्याको ८.३३ प्रतिशत हो । ३ वटा प्रश्नहरु लामो उत्तरात्मक प्रश्नहरु कुल प्रश्नसंग सम्बन्धित छन् जुन ८.३३ प्रतिशत हो । ७ वटा प्रश्नहरु संक्षिप्त उत्तरात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन्, जुन कुल प्रश्नको १९.४ प्रतिशत हो । वस्तुगत प्रश्न संख्या १ छ जुन कुल प्रश्नको २.७८ प्रतिशत हो ।

उक्त तालिकाको आधारमामा प्रश्नको विश्लेषण गर्दा सबैभन्दा बढी बोधात्मक प्रश्न संख्यामा देखिन्छ । सिर्जनात्मक लामो उत्तर, संक्षिप्त उत्तरात्मक प्रश्नको संख्या सन्तुलित मात्रामा देखिन्छ । वस्तुगत प्रश्न कम मात्रामा रहेको पाइयो ।

**४.३.१.२ माध्यमिक तह दश कक्षाको नयाँ (२०७४) नेपाली किताबको कविता, विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलना**

तालिका नं. ३

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सन्तुष्टि | १० | १ | २ | ४ | | १७ |
| २ | वर्षा | १४ | १ | २ | २ | | १९ |
| ३ | म सडक बौल्दैछु | १४ | ३ | १ | २ | | २० |
| **जम्मा** | | **३८** | **५** | **५** | **८** | | **५६** |
| **प्रतिशत** | | **६७.८५** | **८.९२** | **८.९२** | **१४.२८** | | **१००** |

माथिको तालिका अनुसार कक्षा दसको नेपाली किताबमा कविता विधा अन्तर्गत जम्मा ३ वटा पाठहरु समाविष्ट गरिएको देखिन्छ । यी ३ वटा पाठमा जम्मा ५६ वटा प्रश्नहरु समाविष्ट

गरिएको देखिन्छ । यी मध्ये ३८ वटा प्रश्नहरु बोधात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ६७.८५ प्रतिशत हो । ५ वटा प्रश्नहरु सिर्जनात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ८.९२ प्रतिशत हो । लामो उत्तरात्मक प्रश्न ५ वटा देखिन्छन् । यो संख्या कुल प्रश्नको ८.९२ प्रतिशत हो । ८ वटा संक्षिप्त उत्तरात्मक प्रश्नहरु सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको १४.२८ प्रतिशत हो, वस्तुगत प्रश्न समाविष्ट गरिएको देखिदैन ।


उक्त तालिकाको आधारमा प्रश्नको विश्लेषण गर्दा बोधात्मक प्रश्नको संख्या अधिक रहेको देखिन्छ । सिर्जना र लामो उत्तर आउने खालका प्रश्नहरुको संख्या केही कम देखिन्छ । संक्षिप्त उत्तरात्मक प्रश्न आवश्यक मात्रामा समाविष्ट गरिएको देखिन्छ । बौद्धिकता परीक्षण गर्ने खालका वस्तुगत प्रश्न समावेश नगरिएको देखिन्छ ।

### ४.२.१.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा कविता विधाका अभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलना

तालिका नं. ४

| क.स | अभ्यास शीर्षक | पुरानो सङ्ख्या | प्रतिशत | नयाँ सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | बोधात्मक | २१ | ५८.३३ | ३८ | ६७.८५ |
| २. | सिर्जनात्मक | ३ | ८.३३ | ५ | ८.९२ |
| ३. | लामो | ३ | ८.३३ | ५ | ८.९२ |
| ४. | सङ्क्षिप्त | ८ | १९.४४ | ८ | १४.२७ |
| ५. | बस्तुगत | १ | २.७८ | | |
| | जम्मा | ३६ | १००.०० | ५६ | १००.०० |

कविता दुवै विधामा ३ वटा समावेश गरिएको छ । पुरानो पुस्तकमा जम्मा ३६ वटा अभ्यासहरु समावेश छ । जम्मा ३६ वटा अभ्यासहरु समावेश छ भने नयाँ पुस्तकमा ५६ वटा अभ्यासहरु रहेका छन् । पुरानाको तुलनामा नयाँमा बोधात्मक प्रश्न बढी देखिएको छ । पुरानोमा बोधात्मक २१ नयाँमा ३८ रहेको छ । सिर्जनात्मक अभ्यास पुरानोमा ३ नयाँमा ५ लामो उत्तरात्मक प्रश्न पुरानोमा ३ नयाँमा ५ सङ्क्षिप्त उत्तरात्मक पुरानोमा र नयाँ दुवैमा ८ वस्तुगत पुरानोमा १ नयाँमा समावेश गरिएको देखिदैन । समग्रमा सम्पुर्ण अभ्यासको तुलना गरी पुरानो पुस्तकमा भन्दा बढी अभ्यास नयाँ नेपाली पुस्तकमा देखिन्छ । नयाँमा वस्तुगत अभ्यास समावेश गरिएको छैन । यसरी हेर्दा पुरानो पुस्तकमा भन्दा नयाँ पुस्तकमा अभ्यासहरु बढी र उत्कृष्ट खालका अभ्यासहरु पाइन्छ नयाँ नेपाली पुस्तकमा विद्यार्थीको रुची तथा चाहनालाई ख्याल गरी बोधात्मक अभ्यास बढी रहेको छ । वस्तुगत प्रश्न नयाँमा समावेश गरिएको देखिदैन वस्तुगत प्रश्न समावेश गर्नु आवश्यक देखिन्छ । माथिको तथ्यांकलाई स्तम्भ चित्रमा यसअनुसार देखाइएको छ ।



### ४.२.२ कथा विधाका नमुना अभ्यासहरुको व्याख्या र विश्लेषण

विद्यार्थीहरुमा काल्पनिक अलौकिक र उडन्ते कुरामा मात्र नभएर अर्थात जीवनका रोचक र अद्भूत पक्षका बारेमा जानकारी दिनका लागि कक्षा दशका पुराना ३ र नयाँमा ४ गरी ७ कथा समावेश गरिएको छ । सर्वप्रथम कक्षा दसको पुरानो पुस्तक र नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा समावेश कथा विधामा रहेका नमुना अभ्यासहरु के कति छन् तिनको व्याख्या विश्लेषण गरिएको छ ।

#### ४.२.२.१ माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) नेपाली पाठ्यपुस्तकको कथा विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलना

तालिका नं. ५

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कर्तव्य | ४ | | १ | ३ | ४ | १२ |
| २ | दोषी चस्मा | ८ | १ | १ | ४ | | १४ |
| ३ | न्यायको पक्ष | ६ | १ | २ | ३ | १ | १३ |
| **जम्मा** | | **१८** | **२** | **४** | **१०** | **५** | **३९** |
| **प्रतिशत** | | **४६.१५** | **५.१२** | **१०.२५** | **२५.७४** | **१२.८२** | **१००** |

माथिको तालिका अनुसार कथा विधामा जम्मा ३ वटा पाठहरु समावेश गरिएका छन् । ३ वटा पाठमा जम्मा ३९ वटा प्रश्नहरु समाविष्ट गरिएका छन् । यो मध्ये १८ वटा प्रश्नहरु बोधात्मक प्रश्न रहेका छन् । यो कुल प्रश्न संख्याको ४६.१५ प्रतिशत हो । सिर्जनात्मक प्रश्नहरु २ वटा छन् जुन कुल प्रश्न संख्याको ५.१२ प्रतिशत हो । ४ वटा प्रश्नहरु लामो उत्तरात्मक सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको १०.२५ प्रतिशत हो । संक्षीप्त उत्तरात्मक प्रश्न १० वटा

छन्, यो कुल प्रश्न संख्याको २५.७४ प्रतिशत हो । त्यसैगरी ५ वटा वस्तुगत प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको १२.८२ प्रतिशत हो ।

उक्त तालिकाको आधारमा प्रश्नको विश्लेषण गर्दा बोधात्मक प्रश्नको संख्या कुल प्रश्नको आधा भाग देखिन्छ । सिर्जनात्मक र स्वतन्त्र अभिव्यक्ति दिने खालका प्रश्न सबैभन्दा कम मात्रामा समाविष्ट गरिएको देखिन्छ । सङ्क्षीप्त उत्तरात्मक प्रश्न तुलनात्मक रुपले सन्तुलित भन्दा केही बढी देखिन्छ भने विद्यार्थीको बौद्धिकता मापन गर्ने खालका वस्तुगत प्रश्न सन्तुलित मात्रामा गरिएको देखिन्छ ।

**४.२.२.२ माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपाली किताबमा कथा विधामा समाविष्ट गरिएकाअभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलना**

तालिका नं. ६

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जन्मभूमी | १३ | १ | १ | २ | | १७ |
| २ | प्रत्यागमन | १४ | ४ | १ | २ | | २१ |
| ३ | लक्ष्मीपूजा | १२ | २ | २ | १ | | १७ |
| ४ | माउजङ बाबुसाहेबको कोट | १० | ३ | २ | १ | | १७ |
| **जम्मा** | | ४९ | १० | ६ | ६ | | ७२ |
| प्रतिशत | | ६९.० | १४.०८ | ८.४५ | ८.४५ | | १०० |

माथिको तालिका अनुसार कथा विधामा जम्मा ४ वटा पाठहरु समाविष्ट गरिएको देखिन्छन् । ती ४ वटा पाठमा जम्मा ७१ वटा प्रश्नहर समाविष्ट गरिएको देखिन्छ । ती मध्ये ४९ वटा बोध संग सम्बन्धित छन् जुन कुल प्रश्न संख्याको ७९.० प्रतिशत हो । १० वटा सिर्जनात्मक प्रश्न छ जुन कुल प्रश्नको १४.०८ प्रतिशत लामो उत्तर समाविष्ट छ जुन कुल प्रश्न संख्याको ८.४५ प्रतिशत हो । सङ्क्षिप्त उत्तर छ कुल प्रश्न संख्याको ८.४५ प्रतिशत हो । वस्तुगत प्रश्न समाविष्ट गरिएको देखिदैन ।

उक्त तालिकाको आधारमा प्रश्नको विश्लेषण गर्दा बोधात्मक प्रश्न सबैभन्दा बढी लामो उत्तर र सङ्क्षिप्त उत्तर कम मात्रामा समाविष्ट गरिएको वस्तुगतलाई समाविष्ट नगरिएको र सिर्जनात्मक सन्तुलित मात्रामा रहेको पाइन्छ ।


### ४.२.२.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा कथा विधाको अभ्यासहरुको तुलनात्मक व्याख्या, विश्लषण तथा तुलना

**तालिका नं. ७**

| क.स | अभ्यास शीर्षक | पुरानो (२०६४) | | नयाँ (२०७४) | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | बोधात्मक | १८ | ४६.१५ | ४९ | ६९.०० |
| २. | सिर्जनात्मक | २ | ५.१२ | १० | १४.०८ |
| ३. | लामो | ४ | १०.२५ | ६ | ८.४५ |
| ४. | सङ्क्षिप्त | १० | २५.७४ | ६ | ८.४५ |
| ५. | बस्तुगत | ५ | १२.८२ | | |
| | जम्मा | ३९ | १००.०० | ७२ | १००.०० |

समग्रमा कथा पुरानो पुस्तकमा ३ वटा नयाँ पुस्तकमा ४ वटा समावेश गरिएको छ । पुरानो पुस्तकमा जम्मा ३९ वटा अभ्यास र नयाँ पुस्तकमा ७२ वटा अभ्यास रहेका छन् । पुरानोमा बोधात्मक प्रश्न सङ्ख्या १८ वटा नयाँमा ४९ वटा रहेका छन् । सिर्जनात्मक पुरानोमा २ वटा नयाँमा १० वटा समावेश छ । लामो पुरानो मा ४ वटा र नयाँमा ६ वटा समावेश छ । सङ्क्षिप्त पुरानोमा १० र नयाँमा ६, वस्तुगत पुरानोमा ५ र नयाँमा समावेश गरिएको पाइदैन । अभ्यासको तुलना गर्दा जुन नयाँ पुस्तकमा कथाको सङ्ख्या पनि बढी रहेको बोधात्मक प्रश्न पनि बढी रहेको र बौद्धिक जाँचको लागी उपयुक्त मानिने वस्तुगत अभ्यास नयाँमा राखिएको पाइदैन अरु अभ्यास दुवै पुस्तकमा पाठ्यक्रमको मर्मअनुसार समावेश गरेको पाइन्छ ।

समग्रमा हेर्दा कथा विधा नयाँ नेपाली पुस्तकमा बढी रहेको बोधात्मक प्रश्न नयाँमा सन्तुलित रुपमा रहेको पुरानोमा कमी रहेको वस्तुगत प्रश्न नयाँमा समावेश नगरेको वस्तुगत प्रश्न नयाँ पुस्तकमा समावेश गर्नु आवश्यक देखिन्छ । यो नयाँ पुस्तकको असन्तुलित पक्ष हो । उक्त तालिकामा देखाइएको तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा देखाइएको छ ।



### ४.२.३ निबन्ध विधामा समावेश अभ्यासको विश्लेषण

यसै उद्देश्य पूरा गर्नका लागि पुरानोमा ३ नयाँमा ३ गरी ६ वटा निबन्ध समावेश गरिएको छ । सर्वप्रथम नेपाली भाषा पाठ्यक्रममा समावेश अभ्यासहरुको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

#### ४.२.३.१ माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकमा निबन्ध विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलना

तालिका नं. ८

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जय भोली | ९ | १ | ३ | २ | १ | १६ |
| २ | मिथिला चित्रकला | ९ | १ | १ | २ | १ | १४ |
| ३ | यन्त्रमानव | ९ | १ | २ | ३ | १ | १६ |
| **जम्मा** | | २७ | ३ | ६ | ७ | ३ | ४६ |
| **प्रतिशत** | | ५८.६९ | ६.५२ | १३.०४ | १५.२१ | ६.५२ | १०० |

पुरानो पुस्तकमा निबन्ध विधामा जम्मा ३ वटा पाठहरु समाविष्ट गरिएका छन् । यी ३ वटा पाठमा जम्मा ४६ वटा प्रश्नहरु समाविष्ट गरिएका छन्, यी मध्ये २७ वटा प्रश्नहरु बोधात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ५८.६९ प्रतिशत हो । ३ वटा प्रश्नहरु सिर्जनात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ६.५२ प्रतिशत हो । ६ वटा प्रश्नहरु लामो उत्तरात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको १३.०४ प्रतिशत हो । ७ वटा प्रश्नहरु सङ्क्षिप्त उत्तरात्मक प्रश्नसँग सम्बन्धित छन् यो संख्या कुल प्रश्नको १५.२१ प्रतिशत हो । त्यसैगरी ३ वटा प्रश्नहरु वस्तुगत प्रश्नसँग सम्बन्धित छन् । यो संख्या कुल प्रश्नको ६.५२ प्रतिशत हो ।

उक्त तालिकाको आधारमा प्रश्नको विश्लेषण गर्दा बोधात्मक प्रश्नको संख्या कुल प्रश्नको आधाभन्दा बढी रहेको देखिन्छ । सिर्जना तथा वस्तुगत प्रश्नको संख्या न्यून तथा बराबर रहेको देखिन्छ । सङ्क्षिप्त उत्तरात्मक प्रश्न लामो प्रश्न सन्तुलित मात्रामा गरिएको देखिन्छ ।

**४.२.३.२ माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपाली पाठ्यपुस्तकमा निबन्ध विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलना**

तालिका नं. ९

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | थाङक | ११ | | २ | २ | २ | १७ |
| २ | हाम्रो सँस्कृति | १० | ५ | १ | ३ | २ | २१ |
| ३ | जय भूडि | १५ | १ | २ | ३ | | २१ |
| **जम्मा** | | ३७ | ६ | ५ | ८ | ४ | ५९ |
| **प्रतिशत** | | ७२.०७ | १०.३४ | ८.७२ | १३.७५ | ५.१७ | १०० |

नयाँ पुस्तकमा निबन्ध विधामा जम्मा ३ वटा पाठहरु समाविष्ट गरिएको देखिन्छ । ती ३ वटा पाठमा जम्मा ५९ वटा प्रश्नहरु समाविष्ट गरिएको देखिन्छ । ती मध्ये बोधात्मक प्रश्नसँग ३७ वटा प्रश्नहरु अर्थात कुल प्रश्न संख्याको ७२.०७ प्रतिशत हो । सिर्जनात्मक प्रश्न तर्फ ६ वटा प्रश्नहरु छन् । यो संख्या कुल प्रश्नको १०.३४ प्रतिशत हो । ५ वटा प्रश्नहरु लामो उत्तरात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ८.७२ प्रतिशत हो । त्यसै गरी सङ्क्षिप्त उत्तरात्मक प्रश्नसँग ८ वटा प्रश्नहरु देखिन्छन् अर्थात प्रश्नको १३.७९ प्रतिशत हो भने वस्तुगत प्रश्नहरु ३ वटा प्रश्नहरु देखिन्छन् । यो संख्या कुल प्रश्नको ५.१७ प्रतिशत हो ।


उक्त तालिकाको आधारमा प्रश्नको विश्लेषण गर्दा निबन्ध विधामा समाविष्ट गरिएका जम्मा प्रश्नको सबैभन्दा बढी प्रश्नहरु बोधात्मक देखिन्छन् । लामो र वस्तुगत प्रश्नहरु कम मात्रामा सिर्जना र वस्तुगत प्रश्नहरु सन्तुलित रुपमा रहेको देखिन्छ ।

### ४.२.३.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकमा निबन्ध विधाको अभ्यासहरुको तुलनात्मक व्याख्या, विश्लषण तथा तुलना

तालिका नं. १०

| क.स | अभ्यास शीर्षक | पुरानो (२०६४) | | नयाँ (२०७४) | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | बोधात्मक | २७ | ५८.६९ | ३७ | ७२.०७ |
| २. | सिर्जनात्मक | ३ | ६.५२ | ६ | १०.३४ |
| ३. | लामो | ६ | १३.०४ | ५ | ८.७२ |
| ४. | सङ्क्षिप्त | ७ | १५.२१ | ८ | १३.७५ |
| ५. | बस्तुगत | ३ | ६.५२ | ४ | ५.१७ |
| | जम्मा | ४६ | १००.०० | ५९ | १००.०० |

पुरानो (२०६४) नयाँ (२०७४) को नेपाली पुस्तकमा ३/३ वटा निबन्धहरु समावेश गरिएको छ । बोधात्मक अभ्यास पुरानोमा २७ नयाँमा ३७ सिर्जननात्मक अभ्यास पुरानोमा ३ नयाँमा ६ लामो उत्तरात्मक प्रश्न पुरानोमा ६ नयाँमा ५ सङ्क्षिप्त उत्तरात्मक प्रश्न पुरानोमा ७ नयाँमा ८ वस्तुगत पुरानोमा ३ र नयाँमा ४ समावेश गरिएको छ ।पुरानो पुस्तकमा ४६ वटा अभ्यास समावेश ६ नयाँमा ५९ वटा अभ्यास समावेश छ । बोधात्मक प्रश्न पुरानोमा भन्दा नयाँमा बढी रहेको पाइन्छ ।समग्रमा हेर्दा पुरानो पुस्तकमा भन्दा नयाँ पुस्तकमा अभ्यासहरु बढी रहेको र सन्तुलित रुपमा रहेको देखिन्छ । उक्त तालिकामा देखाइएको तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा देखाइएको छ ।




४.२.४ जीवनी विधामा समावेश अभ्यासहरुको विश्लेषण

पुरानो पाठ्यपुस्तकमा ३ वटा जीवनी र नयाँ पुस्तकमा २ वटा जीवनी गरी जम्मा ५ वटा समावेश गरिएको छ । सर्वप्रथम नेपाली किताबमा प्रस्तुत अभ्यासलाई विश्लेषण गरिएको छ ।

४.२.४.१ माध्यमिक तह कक्षा दसको पुरानो नेपाली (२०६४) भाषा पाठ्यपुस्तकमा जीवनी विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलना

तालिका नं.११

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जय पृथ्वीबहादुर सिंह | ७ | १ | १ | ३ | १ | १३ |
| २ | इमानसिंह चेमजोङ | ७ | १ | १ | ३ | | १२ |
| ३ | नेल्सन मन्डेला | ८ | १ | १ | ३ | | १३ |
| जम्मा | | २२ | ३ | ३ | ९ | १ | ३८ |
| प्रतिशत | | ५७.८९ | ७.८९ | ७.८९ | २३.६९ | २.६२ | १०० |

पुरानो पुस्तकमा  जीवनी विधामा जम्मा ३ वटा पाठहरु समाविष्ट गरिएको देखिन्छ । यीमध्ये ३ वटा पाठमा जम्मा ३८ वटा प्रश्नहरु समाविष्ट गरिएको देखिन्छ । यी मध्ये २२ वटा प्रश्नहरु बोधात्मक प्रश्नसँग सम्बन्धित छन् भने कुल प्रश्न संख्याको ५७.८९ प्रतिशत हो । सिर्जनात्मक प्रश्न ३ वटा छन् यो कुल प्रश्नको ७.८९ प्रतिशत हो । ३ वटा प्रश्नहरु लामो उत्तरात्मक प्रश्नसँग सम्बन्धित छन् यो कुल प्रश्न संख्याको ७.८९ प्रतिशत हो । ९ वटा प्रश्नहरु सङ्क्षिप्त उत्तरात्मक प्रश्नसँग सम्बन्धित छन् यो कुल प्रश्न संख्याको २३.६९ प्रतिशत हो । त्यसै गरी १ वटा वस्तुगत प्रश्नसँग सम्बन्धित छन् यो कुल प्रश्न संख्याको १२.६१ प्रतिशत हो ।

उक्त तालिकाको आधारमा प्रश्नको विश्लेषण गर्दा बोधात्मक प्रश्नको संख्या कुल प्रश्नको आधाभन्दा बढी मात्रामा समाविष्ट गरिएको देखिन्छ । वस्तुगत प्रश्न कम देखिन्छ । सिर्जना र लामो उत्तरात्मक प्रश्न बराबर देखिन्छ । सङ्क्षिप्त उत्तरात्मक प्रश्न सन्तुलित मात्रामा देखिन्छ ।

**४.२.४.२ माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपालीको जीवनी विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या, विश्लेषण तथा तुलना**

तालिका नं. १२

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सन्दुक रुईत | ११ | २ | १ | २ | २ | १८ |
| २ | क्लारा जेटकिन | १२ | २ | १ | १ | | १६ |
| **जम्मा** | | २३ | ४ | २ | ३ | २ | ३४ |
| **प्रतिशत** | | ६७.७४ | ११.७६ | ५.८८ | ८.४२ | ५.४४ | १०० |

नयाँ पुस्तकमा जीवनी विधामा जम्मा २ वटा पाठहरु समाविष्ट गरिएको देखिन्छ । यी २ वटा पाठमा जम्मा १६ वटा प्रश्नहरु समाविष्ट गरिएको देखिन्छ । बोधात्मक प्रश्नहरु २३ वटा अर्थात ६७.७४ प्रतिशत हो । सिर्जनात्मक प्रश्नसँग सम्बन्धित प्रश्नहरु ४ वटा अर्थात ११.७४ प्रतिशत

हो । २ वटा प्रश्नहरु लामो उत्तरात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ५.८८ प्रतिशत हो । सङ्क्षिप्त उत्तरात्मक प्रश्नसँग सम्बन्धित प्रश्नहरु ३ वटा अर्थात ८.८२ प्रतिशत हो । त्यसैगरी वस्तुगत प्रश्नसँग सम्बन्धित प्रश्नहरु २ वटा अर्थात ५.८८ प्रतिशत हो ।

उक्त तालिकाको आधारमा विश्लेषण गर्दा जीवनी विधामा समाविष्ट गरिएका जम्मा प्रश्नको सबैभन्दा बढी बोधात्मक प्रश्नहरु र सबैभन्दा थोरै लामो उत्तर र वस्तुगत प्रश्नहरु सङ्क्षिप्त र सिर्जनात्मक प्रश्नहरु सन्तुलित देखिन्छ ।


### ४.२.४.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली किताबमा जीवनी विधाका अभ्यासहरुको तुलनात्मक व्याख्या, विश्लषण तथा तुलना

तालिका नं. १३

| क.स | अभ्यास शीर्षक | पुरानो (२०६४) | | नयाँ (२०७४) | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | बोधात्मक | २२ | ५७.८९ | २३ | ६७.७४ |
| २. | सिर्जनात्मक | ३ | ७.८८ | ४ | ११.७६ |
| ३. | लामो | ३ | ७.८८ | २ | ५.८८ |
| ४. | सङ्क्षिप्त | ९ | २३.६९ | ३ | ८.४२ |
| ५. | बस्तुगत | १ | २.६२ | २ | ५.४४ |
| | जम्मा | ३८ | १००.०० | ३४ | १००.०० |

समग्रमा पुरानो पुस्तकमा बोधात्मक प्रश्न २२ नयाँ पुस्तकमा बोधात्मक प्रश्न २३ वटा रहेको छ । सिर्जनात्मक अभ्यास पुरानोमा ३, नयाँमा ४ वटा रहेको छ । लामो उत्तर पुरानोमा ३

नयाँमा २ सङ्क्षिप्त उत्तर पुरानोमा ९ नयाँमा ३, वस्तुगत पुरानोमा १ नयाँमा २, पुरानोमा जम्मा अभ्यासहरु ३८ वटा रहेको छ भने नयाँमा ३४ वटा रहेको छ ।जीवनी विधा भन्नाले व्यक्तित्व बारेमा प्रस्तुत गरी विद्यार्थीलाई उत्प्रेरणा प्रदान गर्नु हो । समग्रमा दुबै पाठ्यपुस्तकको अभ्यास तुलना गर्दा सन्तुलित देखिन्छ । माथि तालिकामा देखाइएको तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा देखाइएको छ ।




### ४.२.५ चिठी विधामा समावेश अभ्यासहरुको विश्लेषण

पुरानो पुस्तकमा १ र नयाँ पुस्तकमा १ गरी २ वटा समावेश गरिएको छ । सर्वप्रथम दश कक्षाको पुरानो पुस्तक र नयाँ पुस्तकको अभ्यासको विश्लेषण यहाँ गरिएको छ ।

**४.२.५.१ माध्यमिक तह कक्षा दसको पुरानो(२०६४) नेपाली भाषा पाठ्यपुस्तकमा चिठी विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलना**

तालिका नं. १४

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | जम्मा |
|---|---|---|---|---|
| १ | व्यापारीक चिठी | ५ | १ | ६ |
| जम्मा | | ५ | १ | ६ |
| प्रतिशत | | ८३.३३ | १६.६६ | १०० |

पुरानो पुस्तकमा चिठी विधामा १ वटा पाठ समाविष्ट गरिएको छ जम्मा प्रश्न ६ वटा प्रश्नं छन् यी मध्ये ५ वटा बोधात्मक प्रश्नसँग सम्बन्धित देखिन्छ । यो संख्या कुल प्रश्नको ८३.३३ प्रतिशत हो । सिर्जना १ वटा समावेश गरिएको छ । यो कुल प्रश्नको १६.६६ प्रतिशत हो ।

उक्त तालिकाको आधारमा प्रश्नको विश्लेषण गर्दा बोधात्मक प्रश्नको संख्या अधिक रहेको देखिन्छ । सिर्जना सन्तुलित मात्रामा समाविष्ट गरिएको छ । लामो उत्तर, सङ्क्षिप्त उत्तर, वस्तुगत समावेश गरिएको पाइदैन ।

**४.२.५.२ माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपाली किताबमा चिठी विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलना**

तालिका नं. १५

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | व्यापारिक चिठी | १२ | २ | | १ | २ | १७ |
| जम्मा | | १२ | २ | | १ | २ | १७ |
| प्रतिशत | | ७०.५८ | ११.७६ | | ५.८८ | ११.७६ | १०० |

नयाँ पुस्तकमा चिठी विधामा जम्मा एउटा मात्र पाठ समाविष्ट गरिएको देखिन्छ । उक्त पाठमा जम्मा १७ वटा प्रश्नहरु समाविष्ट गरिएको देखिन्छ । तीमध्ये जम्मा १२ वटा बोध प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो कुल प्रश्नको ७०.५८ प्रतिशत हो । २ वटा सिर्जनात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो कुल प्रश्नको ११.७६ प्रतिशत हो । लामो उत्तर समाविष्ट गरिएको छैन । सङ्क्षिप्त उत्तरात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो कुल प्रश्नको ५.८८ प्रतिशत हो । त्यसैगरी वस्तुगत प्रश्नसँग सम्बन्धित प्रश्नहरु २ वटा अर्थात ११.७६ प्रतिशत हो ।

उक्त तालिकाको आधारमा प्रश्नको विश्लेषण गर्दा दिइएका प्रश्नहरु सन्तुलित नै देखिन्छन् । लामो उत्तरात्मक प्रश्न यस पाठसँग सम्बन्धित नभएकाले समाविष्ट नगरिएको देखिन्छ ।

### ४.३.५.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली किताबमा चिठी विधाको अभ्यासहरुको तुलनात्मक व्याख्या, विश्लषण तथा तुलना

तालिका नं. १६


| क.स | अभ्यास शीर्षक | पुरानो (२०६४) | | नयाँ (२०७४) | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | बोधात्मक | ५ | ५३.३३ | १२ | ७०.५८ |
| २. | सिर्जनात्मक | १ | १६.६६ | २ | ११.७ |
| ३. | लामो | | | | |
| ४. | सङ्क्षिप्त | | | १ | ५.८८ |
| ५. | बस्तुगत | | | २ | ११.७६ |
| | जम्मा | ६ | १००.०० | १७ | १००.०० |

पुरानो पुस्तकमा बोधात्मक अभ्यास ५ वटा रहेको छ भने नयाँ पुस्तकमा १२ वटा रहेको छ । पुरानो पुस्तकमा सिर्जनात्मक १ वटा रहेको छ भने नयाँमा २ वटा पुरानो पुस्तकमा लामो प्रश्न समावेश गरेको पाइदैन । नयाँमा पनि समावेश गरेको पाइदैन । पुरानो पुस्तकमा सङ्क्षिप्त उत्तरात्मक प्रश्न समावेश गरेको छैन नयाँमा १ वटा समावेश गरेको छ । पुरानोम वस्तुगत समावेश गरेको छैन नयाँमा २ वटा वस्तुगत समावेश गरेको पाइयो । जम्मा अभ्यास पुरानामो क्रमश ६ वटा र नयाँमा १७ वटा अभ्यास समावेश गरेको पाइयो ।

शिक्षणका माध्यमबाट विद्यार्थीको व्यवहारिकता बनाउन एउटा महत्वपूर्ण कार्य हो । भाषा पाठ्यपुस्तकमा अन्य विधा जस्तै चिठी विधा पनि समावेश गरिएको हुन्छ । चिठी सम्पर्क तथा समाचार आदान प्रदान गर्ने एक माध्यम हो । वर्तमान समयमा यसको प्रयोग कमा भएता पनि महत्व उत्तिकै रहेको छ । त्यसैले यस कुरालाई मध्यनजर गर्दै चिठी लेखन कार्यलाई अझ राम्रो र व्यवहारिक बनाउनका लागि दुबै भाषा पाठ्यपुस्तकले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

समग्रमा भन्नुपर्दा पुरानो पुस्तकमा बोधात्मक प्रश्न पनि कम मात्रामा समावेश गरेको, सिर्जनात्मक १ वटा र लामो सङ्क्षिप्त र वस्तुगत प्रश्न समावेश नै नगरेको पाइयो । यो कमजोर पक्ष हो । सबै प्रश्न तालमेल मिल्ने गरि समावेश गरिनु पर्दछ ।नयाँमा बोधात्मक प्रश्न सन्तुलित मात्रामा राखिएको, लामो उत्तर समावेश नगरिएको सङ्क्षिप्त र वस्तुगत सन्तुलित रुपमा राखिएको पाइन्छ ।

माथि तालिकामा देखाइएको तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा देखाइएको छ ।




### ४.२.६ रुपक विधाका नमुना अभ्यासको व्याख्या तथा विश्लेषण

प्रस्तुत पुस्तकमा रुपक विधा अन्तर्गत पुरानो मनोवाद, वादविवाद, एकाङ्की गरी ३ र नयाँमा पनि मनोवाद, वादविवाद र एकाङ्की गरी ३ वटा समेटीएको छ । उक्त विधामा प्रस्तुत गरीएका अभ्यासका बारेमा तल प्रस्तुत गरिएको छ ।

#### ४.२.६.१ माध्यमिक तह कक्षा दसको पुरानो (२०६४) नेपाली भाषा पाठ्यपुस्तकमा रुपक विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या, विश्लषण तथा तुलनातालिका नं. १७

| क.सं. | शीर्षक | बोध | सिर्जनात्मक | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | काम खोज्दै जाँदा | ७ | २ | १ | २ | १ | १३ |
| २ | भाग्यभन्दा परिश्रम ठूलो | ८ | २ | १ | | | ११ |
| ३ | घरको माया | ७ | २ | २ | २ | | १३ |
| जम्मा | | २२ | ६ | ४ | ४ | १ | ३७ |
| प्रतिशत | | ५९.४५ | १६.२१ | १०.८१ | १०.८१ | २.७० | १०० |

पुरानो पुस्तकमा  रुपक विधामा जम्मा ३ वटा प्रश्नहरु समाविष्ट गरिएका छन् । यो पाठमा जम्मा ३४ वटा प्रश्नहरु बोधात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ६४.७० प्रतिशत हो । ६ वटा सिर्जनात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको १७.६४ प्रतिशत हो । लामो उत्तरात्मक प्रश्नहरु ४ वटा समाविष्ट गरिएको छ । यो कुल प्रश्नको ११.७६ प्रतिशत हो । २ वटा प्रश्नहरु सङ्क्षिप्त उत्तरात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको ५.८८ प्रतिशत हो । त्यसै गरी वस्तुगत प्रश्नहरु समाविष्ट गरिएको देखिदैन ।

उक्त तालिकाको आधारमा प्रश्नको विश्लेषण गर्दा बोधात्मक प्रश्नको संख्या सबैभन्दा बढी देखिन्छ । सिर्जनात्मक प्रश्नको संख्या सिर्जनात्मक र लामो सन्तुलित रुपमा, सङ्क्षिप्त उत्तरात्मक प्रश्न सन्तुलित भन्दा कम र वस्तुगत प्रश्न समावेश गरिएको पाइदैन ।

**४.२.६.२ माध्यमिक तह कक्षा दसको नयाँ (२०७४) नेपाली किताबमा रुपक विधामा समावेश गरिएको अभ्यासहरुको व्याख्या, विश्लेषण तथा तुलना**

तालिका नं. १८

| क्र.सं. | शीर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | टिका (एकाङ्की) | ७ | ६ | १ | २ | | १६ |
| २ | स्थानीयकरणभन्दा व्यापारीकरण वेश(वादविवाद) | १४ | | १ | ३ | १ | १९ |
| ३ | म पनि सक्छु (मनोवाद) | ८ | २ | २ | २ | | १४ |
| **जम्मा** | | २९ | ८ | ४ | ७ | १ | ४९ |
| **प्रतिशत** | | ५९.१८ | १७.३२ | ८.१६ | १४.२८ | २.०४ | १०० |

माथिको तालिका अनुसार रुपक विधामा जम्मा ३ वटा पाठहरु समाविष्ट गरिएको देखिन्छ । यी ३ वटा पाठमा जम्मा ४९ वटा प्रश्नहरु समाविष्ट गरिएको देखिन्छ । ती मध्ये २९ वटा प्रश्नहरु बोधात्मक प्रश्नसँग सम्बन्धित देखिनछन् । यो संख्या कुल प्रश्नको ५९.१८ प्रतिशत हो । ८ वटा सिर्जनात्मक प्रश्नसँग सम्बन्धित देखिन्छन् । यो संख्या कुल प्रश्नको १६.३२ प्रतिशत हो । लामो उत्तरात्मक प्रश्न ४ वटा छन्, यो कुल प्रश्नको ८.१६ प्रतिशत हो । सङ्क्षिप्त उत्तरात्मक प्रश्नको संख्या ७ वटा छन् यो कुल संख्याको १४.२८ प्रतिशत हो । वस्तुगत १ वटा छन् यो कुल प्रश्नको २.०४ प्रतिशत हो ।

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी बोधात्मक प्रश्नहरु समाविष्ट गरिएको सिर्जनात्मक, लामो , सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु सन्तुलित रुपमा रहेको र वस्तुगत प्रश्न सन्तुलित भन्दा न्यून रुपमा समाविष्ट गरिएको देखिन्छ ।

### ४.२.६.३ पुरानो (२०६४) र नयाँ (२०७४) को नेपाली पुस्तकका रुपक विधाको अभ्यासहरुको तुलनात्मक व्याख्या, विश्लषण तथा तुलना

तालिका नं. १९


| क.स | अभ्यास शीर्षक | पुरानो (२०६४) | | नयाँ (२०७४) | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | बोधात्मक | २२ | ५९.४५ | २९ | ५९.१८ |
| २. | सिर्जनात्मक | ६ | १६.२१ | ८ | १७.३२ |
| ३. | लामो | ४ | १०.८१ | ४ | ८.१६ |
| ४. | सङ्क्षिप्त | ४ | १०.८१ | ७ | १४.३८ |
| ५. | बस्तुगत | १ | २.७० | १ | २०.०४ |
| **जम्मा** | | **३७** | **१००.००** | **४९** | **१००.००** |

बोधात्मक अभ्यासहरु पुरानो पुस्तकमा २२ वटा रहेका छन् भने नयाँ पुस्तकमा २९ वटा रहेका छन् । सिर्जनात्मक पुरानोमा ६ नयाँमा ८ वटा छन् पुरानोमा लामो उत्तर आउने प्रश्न ४ वटा छन् नयाँमा पनि ४ वटा छन् । सङ्क्षिप्त उत्तरात्मक प्रश्न पुरानोमा ४ वटा छन् भने नयाँमा ७ वटा छन् वस्तुगत पुरानोमा १ वटा छ भने नयाँमा पनि १ वटा रहेको छ ।

पुरानोमा जम्मा अभ्यास सङ्ख्यामा ३७ वटा अभ्यासहरु समावेश गरिएको छ भने नयाँमा ४९ वटा रहेका छन् ।

रुपक विधा अन्तर्गत विद्यार्थीको आत्म विश्वास बढाउने खालका सिर्जनात्मक पाठहरु समावेश गरिन्छ । एकाङ्की, वादविवाद, मनोवाद गरी ३ वटा पुरानोमा त्यस्तै नयाँमा पनि एकाङ्की, वादविवाद र मनोवाद गरी ३ वटा समावेश गरेको पाइयो ।

समग्रमा भन्नुपर्दा रुपक विधा अन्तर्गत दुबै पुस्तकमा बराबरी पाठ समावेश गरेता पनि पुरानोमा भन्दा नयाँ पुस्तकमा बोधात्मक प्रश्न सङ्ख्यात्मक रुपमा ६ वटा प्रश्न बढी छ यो विद्यार्थीको रुची चाहानालाई ख्याल गरी समावेश गरेको पाइयो । यो अरु प्रश्न दुबै पुस्तकमा सन्तुलित रुपमा बराबरी नै रहेको पाइयो । माथि तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कलाई निम्नानुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।



## ४.३ भाषिक सीपसँग सम्बन्धित नमुना अभ्यासको व्याख्या तथा विश्लेषण

भाषिक सीप कला सम्वृद्धि विकासका लागि सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता कलाहरूको स्तरयुक्त सम्वृद्धि र विकास आवश्यक मानिन्छ । सुनाइ सीप अन्तर्गत श्रुति बोध शिक्षणको महत्वपूर्ण भूमीका रहन्छ । सिकाइमा सुन्ने र बुझ्ने क्षमताको विकास गर्न मौखिक कार्यकलापमा निपूर्ण बनाउन, सुन्ने र शब्द ध्वनी र अभिप्राय बुझी त्यसको व्याख्या गर्ने तुल्याउनु सुनेका अभ्यासका माध्यमले भाषाका हरेक सीप सम्वृद्धिमा भाषिक सीप सिकाइमा त्यस सम्बन्धी अभ्यासहरू हुन आवश्यक छ । त्यस सम्बन्धित अभ्यासहरू हुन आवश्यक छ । यसका लागि कविता लेखन, पाठ लेखन, प्रश्नोत्तर लेखन, वादविवाद, अभिनयात्मक कुराकानी, संवाद रेडियो क्यासेट आदि अभ्यासहरू गराउन सकिन्छ । पुरानो (२०६४) को भाषा पाठ्यपुस्तकमा भाषिक सीपलाई नछुट्याइ राखिएको छ । भने नयाँ २०७४ मा भाषिक सीप छुट्याइ अलग अलग ठाउँमा राखिएको छ । प्रस्तुत सोधमा पुरानो नयाँ दुवै पुस्तकमा विधालाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

## ४.३ भाषिक सीपसँग सम्बन्धित नमुना अभ्यासको व्याख्या विश्लेषण तथा तुलना

भाषिक सीप कला सम्वृद्धि विकासका लागी सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता कलाहरूको स्तरयुक्त सम्वृद्धि र विकास आवश्यक मानिन्छ । सुनाइ सीप अन्तर्गत श्रुति बोध शिक्षणको महत्वपूर्ण भूमीका रहन्छ । सिकाइमा सुन्ने र बुझ्ने क्षमताको विकास गर्न मौखिक कार्यकलापमा निपूर्ण बनाउन, सुन्ने र शब्द ध्वनी र अभिप्राय बुझी त्यसको व्याख्या गर्ने तुल्याउनु सुनेका अभ्यासका माध्यमले भाषाका हरेक सीप सम्वृद्धिमा भाषिक सीप सिकाइमा त्यस सम्बन्धी अभ्यासहरू हुन आवश्यक छ । त्यस सम्बन्धित अभ्यासहरू हुन आवश्यक छ । यसका लागी कविता लेखन, पाठ लेखन, प्रश्नोत्तर लेखन, वादविवाद, अभिनयात्मक कुराकानी, संवाद रेडियो क्यासेट आदि अभ्यासहरू गराउन सकिन्छ । पुरानो (२०६४) को भाषा पाठ्यपुस्तकमा भाषिक सीपलाई नछुट्याइ राखिएको छ । भने नयाँ २०७४ मा भाषिक सीप छुट्याइ अलग अलग ठाउँमा राखिएको छ । प्रस्तुत सोधमा पुरानो नयाँ दुवै पुस्तकमा विधालाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

**४.३.१ माध्यमिक तह कक्षा दशको पुरानो (२०६४) को नेपाली किताबमा भाषिक सीपको कविता विधामा समविष्ट गरिएका अभ्यासहरुको व्याख्या विश्लेषण तथा तुलना**

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | ४ | | | | | ४ |
| २. | बोलाइ | ८ | | | १ | | ८ |
| ३. | पढाइ | १ | | | | | १ |
| ४. | लेखाइ | ८ | ३ | ३ | ७ | १ | २२ |
| | जम्मा | २१ | ३ | ३ | ८ | १ | ३६ |
| | प्रतिशत | ५८.३३% | ८.३३% | ८.३३% | १९.४४% | २.७८ | |

नेपालीभाषा शिक्षणको मुख्य उद्देश्य भाषिक सीप विकास गर्नु नै मुख्य उद्देश्य हो । यसै उद्देश्यलाई पुरा गर्नको लागी कक्षा दशको पुरानो २०६४ को पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी जम्मा कविता विधामा ३६ वटा प्रश्न समावेश गरिएको छ । त्यसमध्ये सुनाइ सीप अन्तर्गत ४ वटा प्रश्न समावेश गरिएको छ । सिर्जना, लामो, सङ्क्षिप्त र वस्तुगतमा सुनाइ सीप सम्बन्धी अभ्यास समावेश गरिएको छैन । बोलाइ सीप अन्तर्गत बोधात्मक प्रश्नको संख्या ८ वटा रहेको छ, सङ्क्षिप्त उत्तरात्मक १ वटा समाविष्ट छ । सिर्जना, लामो, वस्तुगत समावेश गरेको छैन । पढाइ सीप अन्तर्गत बोधात्मक १ वटा प्रश्न समावेश गरेको छ । अरु प्रश्न समावेश गरेको छैन । लेखाइ सीप अन्तर्गत ८ वटा बोधात्मक प्रश्नसँग सम्बन्धित छन् । ३ वटा प्रश्न सिर्जनात्मक प्रश्नसँग सम्बन्धित ३ वटा लामो उत्तरात्मक प्रश्नसँग सम्बन्धित ३ वटा लामो उत्तरात्मक प्रश्नसँग सम्बन्धित छ । ८ वटा सङ्क्षिप्त सँग सम्बन्धित छ । १-१ वटा वस्तुगत प्रश्नसँग सिम्बन्धीत छ ।

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा लेखाइ सीपलाई बढी जोड दिएर प्रश्न निर्माण गरिएको पाइयो । अरु सीपमा बोधात्मक प्रश्नलाई अत्यधिक जोड दिएको सिर्जना लामो सङ्क्षिप्त र वस्तुगत प्रश्नलाई वेवास्ता गरेको पाइयो ।

**४.३.२ माध्यमिक तह कक्षा दशको नयाँ (२०७४) को नेपाली किताबमा भाषिक सीपको कविता विधामा समाविष्ट गरिएका अभ्यासहरू व्याख्या विश्लेषण तथा तुलना**

| क.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | १ | | | | | १० |
| २. | बोलाइ | ९ | ३ | | | | १२ |
| ३. | पढाइ | १० | | २ | २ | | १४ |
| ४. | लेखाइ | ९ | २ | ३ | ६ | | २० |
| | जम्मा | ३८<br>६७.८५% | ५<br>८.९२% | ५<br>८.९२% | ८<br>१४.२८% | | ५६<br>१००% |

कक्षा दशको नयाँ २०७४ को पाठ्यपुस्तकमा सुनाइ सीप अन्तर्गत बोधात्मक प्रश्न १० वटा रहेको छ । अरु प्रश्न समावेश गरेको छैन । बोलाइ सीप अन्तर्गत ९ वटा बोधात्मक प्रश्नसँग सम्बन्धित छन् । ३ वटा सिर्जनात्मकसँग सम्बन्धित छन् । पढाइ सीप अन्तर्गत बोधात्मक प्रश्न १० वटा रहेको छ लामो उत्तरात्मक २ वटा सङ्क्षिप्त उत्तरात्मक २ वटा समावेश गरेको सिर्जना र वस्तुगत समावेश गरेको छैन । लेखाइ सीप अन्तर्गत ९ वटा बोधात्मक प्रश्नसँग सम्बन्धित छन् २ वटा सिर्जनात्मकसँग सम्बन्धित छन् ३ वटा लामो उत्तरात्मक प्रश्न सम्बन्धित छन्, ६ वटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नसँग सम्बन्धित छन् ।वस्तुगत प्रश्न समावेश गरेको छैन ।

माथिको तालिकाको विश्लेषण गर्दा सबैभन्दा बढी लेखाइ सीपमा जोड दिएको लेखाइमा प्रश्नको संख्या अधिक रहेको पढाइमा अत्यधिक कम रहेको सुनाइ र बोलाइमा बोध प्रश्नलाई मात्र जोड दिएको पाइयो ।

समग्रमा यसरी प्राप्त तथ्याङ्कका आधारमा हेर्दा पुरानो पुस्तकमा सुनाइ सीप ४ वटा नयाँ पुस्तकमा १० वटा पुरानोमा बोलाइ ८ वटा नयाँ पुस्तकमा १२ वटा, पुरानोमा पढाइ १ वटा, नयाँमा १४ वटा र पुरानोमा लेखाइ २२ वटा र नयाँमा लेखाइ २० ओटा राखिएको छ । उक्त तालिकाको आधारमा विश्लेषण गर्दा सुनाइ, बोलाइ, पढाइ पुरानो पुस्तकमा भन्दा नयाँ पुस्तकमा अभ्यासहरु बढी राखिएको छ । लेखाइ पुरानोमा भन्दा नयाँमा बढी राखिएको पाइन्छ । पुरानोमा भन्दा नयाँ पुस्तकमा भाषिक सीपलाई ख्याल गरेर अभ्यास समावेश गरिएको छ ।

### ४.३.३ माध्यमिक तह कक्षा दशको पुरानो (२०६४) को नेपाली किताबमा भाषिक सीपको कथा विधामा समाविष्ट गरिएको अभ्यासहरूको व्याख्या विश्लेषण तथा तुलना

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | ४ | | | | | ४ |
| २. | बोलाइ | ५ | | | | | ५ |
| ३. | पढाइ | | | | | | |
| ४. | लेखाइ | ९ | २ | ४ | १० | ५ | ३० |
| | जम्मा | १८<br>४६.१५% | २<br>५.१२ % | ४<br>१०.२५% | १०<br>२५.७४ % | ५<br>१२.८५ % | ३९<br>१००% |

कक्षा दशको पुरानो (२०६४) को पाठ्यपुस्तकमा सुनाइ सीप अन्तर्गत ४ वटा बोधात्मक प्रश्न ५ वटा समावेश गरेको छ, अरु प्रश्न समावेश गरेको छैन । बोलाइ सीप

अन्तर्गत बोधात्मक प्रश्न मात्र समावेश गरेको अरु प्रश्न समावेश नगरेको पढाइ सीपमा कुनै पनि प्रश्न समावेश नगरेको लेखाइ सीपमा ९ वटा प्रश्नहरू बोधात्मक प्रश्नसँग सम्बन्धित २ वटा प्रश्नहरू, सिर्जनात्मक प्रश्नसँग सम्बन्धित, लामो उत्तरात्मक प्रश्न ४ वटा, सङ्क्षिप्त उत्तरात्मकसँग सम्बन्धित १० वटा र वस्तुगत प्रश्नसँग सम्बन्धित ५ वटा प्रश्नहरू समाविष्ट गरेको छ ।

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा लेखाइ सीपलाई अत्यधिक महत्व दिएको सबै किसिमका प्रश्न सन्तुलित रुपमा समावेश गरेको सुनाइ बोलाइमा बोधात्मक प्रश्नलाई मात्र प्राथमिकता दिएको अरु नसमेटेको पढाइमा कुनै पनि सिपका प्रश्न समावेश नगरेको पाइयो ।

### ४.३.४ माध्यमिक तह कक्षा दशको नयाँ (२०७४) को नेपाली किताबमा भाषिक सीपको कथा विधामा समाविष्ट गरिएको अभ्यासहरूको व्याख्या विश्लेषण तथा तुलना

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | १९ | | | | | १९ |
| २. | बोलाइ | ९ | ३ | ३ | | | १५ |
| ३. | पढाइ | १८ | २ | | | | २० |
| ४. | लेखाइ | ९ | ४ | ३ | ६ | | २२ |
| | जम्मा | ४९<br>६९.०% | १०<br>१४.०८% | ६<br>८.४५% | ६<br>८.४५% | | ७२<br>१००% |

कक्षा दशको नयाँ (२०७४) को पाठ्यपुस्तकमा सुनाइ सीप अन्तर्गत बोधात्मक प्रश्नहरू १९ वटा राखिएका छन्, सिर्जना, वस्तुगत, लामो उत्तर, सङ्क्षिप्त उत्तर राखिएको छैन । त्यस्तै बोलाइ सीप अत्तर्गत बोध ९ वटा राखिएका छन् । सिर्जना ३ वटा र लामो उत्तर ३ वटा राखिएका छन् । पढाइ सिप अन्तर्गत बोधात्मक प्रश्नको सङ्ख्या १८ वटा राखिएका छन्, सिर्जनात्मक प्रश्नको सङ्ख्या २ वटा राखिएका छन् । लामो सङ्क्षिप्त र वस्तुगत प्रश्न समावेश

गरेको छैन । लेखाइ सीप अन्तर्गत बोधात्मक ९ वटा सिर्जनात्मक ४ वटा, लामो उत्तरात्मक प्रश्न ३ वटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न ६ वटा राखिएको छ ।

उक्त तालिकाको आधारमा विश्लेषण गर्दा लेखाइ सीपलाई नै बढी जोड दिएको, बोलाइ र पढाइलाई सन्तुलित मात्रामा दिइएको र सुनाइलाई कम महत्व दिएको पाइयो ।

समग्रमा पुरानो पुस्तकमा सुनाइ सीप अन्तर्गत ४ वटा अभ्यास समावेश गरिएको छ । नयाँमा १९ वटा समावेश छ । पुरानो पुस्तकमा बोलाइ सम्बन्धि अभ्यास ५ वटा समावेश छ , नयाँमा १५ वटा समावेश छ । पुरानोमा पढाइ सम्बन्धि अभ्यास नै समावेश छैन । नयाँ पुस्तकमा २० वटा अभ्यास समावेश छ । पुरानोमा लेखाइ सम्बन्धि ३० वटा अभ्यास समावेश छ , नयाँमा २२ वटा समावेश छ ।

**४.३.५ माध्यमिक तह कक्षा दशको पुरानो (२०६४) को नेपाली पाठ्यपुस्तकमा भाषिक सीपको निबन्ध विधामा समाविष्ट गरिएको अभ्यासहरूको व्याख्या विश्लेषण तथा तुलना**

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | २ | | | | १ | ३ |
| २. | बोलाइ | ५ | | | | | ५ |
| ३. | पढाइ | २ | | | | १ | ३ |
| ४. | लेखाइ | १८ | ३ | ६ | ७ | १ | ३५ |
| | जम्मा | २७ | ३ | ६ | ७ | ३ | ४६ |
| | प्रतिशत | ५८.६९ | ६.५२ | १३.०४ | १५.२१ | ६.५२ | १००% |

कक्षा दशको पुरानो (२०६४) को पाठ्यपुस्तकमा सुनाइ सीप अन्तर्गत बोधात्मक प्रश्नहरू २ वटा समावेश गरेको छ । वस्तुगत प्रश्न १ वटा समावेश गरेको छ । सिर्जनात्मक, लामो उत्तर

र सङ्क्षिप्त उत्तर समावेश गरेको छैन । बोलाइ सीप अन्तर्गत बोधात्मक प्रश्न ५ वटा समावेश छ अरु प्रश्न सामावेश गरेको छैन, पढाइ सीप अन्तर्गत बोधात्मक प्रश्न २ वटा समावेश गरेको छ । वस्तुगत प्रश्न १ वटा समावेश गरेको छ । अरु प्रश्न समावेश गरेको छ ।

लेखाइ सीप अन्तर्गत बोधात्मक प्रश्न १८ वटा राखेको छ, सिर्जनात्मक प्रश्न ३ वटा राखेको छ, लामो उत्तरात्मक प्रश्न ६ वटा राखेको छ । सङ्क्षिप्त उत्तरात्मक प्रश्न ७ वटा राखेको छ, वस्तुगत प्रश्न ३ वटा राखेको छ ।

मूल्याङ्कनको प्रमुख आधार लेखाइ सीपलाई मानेकाले प्रश्नमा पनि लेखाइ सिपलाई बढी जोड दिएको र अरु सीपमा बोधात्मक प्रश्न मात्र समाविष्ट गरिएको छ ।

**४.३.७.४ माध्यमिक तह कक्षा दशको नयाँ (२०७४) को नेपाली पाठ्यपुस्तकमा भाषिक सीपको निबन्ध विधामा समाविष्ट गरिएका अभ्यासहरूको व्याख्या विश्लेषण तथा तुलना**

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | ९ | | | | | ९ |
| २. | बोलाइ | ८ | ३ | २ | | | १३ |
| ३. | पढाइ | १२ | | | १ | | १३ |
| ४. | लेखाइ | ८ | ३ | ३ | ७ | ४ | २५ |
| | जम्मा<br>प्रतिशत | ३७<br>६२.०७ | ६<br>१०.३४ | ५<br>८.७२ | ८<br>१३.७५ | ४<br>५.१७ | ५९<br>१००% |

कक्षा दशको नयाँ (२०७४) को पाठ्यपुस्तकमा सुनाइ सीप अन्तर्गत बोधात्मक प्रश्नहरू ९ वटा समावेश गरेको छैन । अरु प्रश्न समावेश गरेको छ । बोलाइ सीप अन्तर्गत बोधात्मक प्रश्न ८,

सिर्जनात्मक प्रश्न ३, लामो उत्तरात्मक प्रश्न २, पढाइ सीप अन्तर्गत बोधात्मक प्रश्न १२, सङ्क्षिप्त उत्तरात्मक १ प्रश्न लेखाइ सीप अन्तर्गत बोधात्मक प्रश्न ८, सिर्जनात्मक प्रश्न ३ लामो उत्तरात्मक प्रश्न ३, सङ्क्षिप्त उत्तरात्मक प्रश्न ७ र वस्तुगत प्रश्न ४ वटा समावेश गरेको छ ।

उक्त तालिकाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी लेखाइ सीपलाई ध्यान दिइएको त्यसपछि बोलाइ सीपलाई महत्व दिएको सुनाइ र पढाइ सीपलाई ख्याल नगरिएको पाइयो ।

समग्रमा पुरानो पुस्तकमा सुनाइ, बोलाइ नयाँ पुस्तकका अभ्यास भन्दा कम समावेश गरेको छ । पढाइ सम्बन्धि अभ्यास नै समावेश गरेको छैन । पुरानो पुस्तकमा नयाँ पुस्तकको भन्दा लेखाइका अभ्यास बढी समाविष्ट गरिएको छ । पुरानो पुस्तकमा भाषिक सीपलाई नछुट्याई अभ्यास राख्दा कुनै भाषिक सीपका अभ्यास समाविष्ट नै नगरिएको कुनै भाषिक सीप एकदमै कमी र कुनै बढी छ नयाँ पुस्तकमा सन्तुलित मात्रामा समाविष्ट छ ।

समग्रमा पुरानो पुस्तकमा निबन्ध विधा अन्तर्गत सुनाइ सीप सम्बन्धी अभ्यास ४ वटा, राखिएको छ भने नयाँमा ५ वटा राखिएको छ । पुरानोमा बोलाइ सीप सम्बन्धि ५ वटा अभ्यास राखिएको छ  भने नयाँमा १३ वटा, पुरानोमा पढाइ ३ वटा अभयास राखिएको छ भने नयाँमा १३ वटा राखिएको छ । पुरानोमा लेखाइ ३५ वटा राखिएको छ भने नयाँमा २५ वटा राखिएको छ । पुरानो पुस्तकमा लेखाइ सीपका अभ्यासलाई अत्याधिक जोड दिइएको छ भने नयाँ पुस्तकमा सबै सीप सम्बन्धि अभ्यासहरुलाई उत्तिकै महत्व दिएको र अभ्यास सन्तुलित मात्रामा राखिएको छ ।

**४.३.६ माध्यमिक तह कक्षा दशको पुरानो (२०६४) को नेपाली पाठ्यपुस्तकमा भाषिक सीपको जीवनी विधामा समाविष्ट गरिएको अभ्यासहरूको व्याख्या विश्लेषण तथा तुलना**

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | ३ | | | | | ३ |
| २. | बोलाइ | ८ | | | | | ८ |
| ३. | पढाइ | ३ | | | | | ३ |
| ४. | लेखाइ | ८ | ३ | ३ | ९ | १ | २४ |
| | जम्मा<br>प्रतिशत | २२<br>५७.८९ | ३<br>७.८९ | ३<br>७.८९ | ९<br>२३.६९ | १<br>२.६२ | ३८<br>१००% |

कक्षा दशको पुरानो (२०६४) को पाठ्यपुस्तकमा सुनाइ सीप अन्तर्गत बोधात्मक प्रश्नहरू ३ वटा समावेश गरेको छ । अरु प्रश्न समाविष्ट गरिएको छैन । त्यस्तै बोलाइ र पढाइमा पनि बोधात्मक प्रश्नसँग सम्बन्धित ८ र ३ वटा प्रश्न समाविष्ट गरिएको छ । अरु प्रश्न समाविष्ट गरिएको छैन । लेखाइ सीप अन्तर्गत बोधात्मक प्रश्न ८ वटा समावेश गरेको छ । सिर्जनात्मक प्रश्न ३ वटा समावेश गरेको छ भने लामो उत्तरात्मक प्रश्न ३ वटा समावेश गरेको छ । सङ्क्षिप्त उत्तरात्मक प्रश्न ९ वटा समावेश गरेको छ । वस्तुगत प्रश्न १ वटा समावेश गरेको छ ।

उक्त तालिकाको आधारमा विश्लेषण गर्दा सुनाइ बोलाइ, पढाइ सीपमा बोधात्मक प्रश्नलाई मात्र जोड दिएको अरु प्रश्न नराखेको लेखाइ सीपमा सबै प्रश्नलाई सन्तुलित मात्रामा राखिएको पाइयो ।

### ४.३.७ माध्यमिक तह कक्षा दशको नयाँ (२०७४) को नेपाली पाठ्यपुस्तकमा भाषिक सीपको जीवनी विधामा समाविष्ट गरिएका अभ्यासहरुको व्याख्या विश्लेषण तथा तुलना

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | ७ | | | | | ७ |
| २. | बोलाइ | ५ | २ | | | | ७ |
| ३. | पढाइ | ८ | | | | | |
| ४. | लेखाइ | ३ | २ | २ | ३ | २ | १२ |
| | जम्मा<br>प्रतिशत | २३<br>६७.७४ | ४<br>११.७६ | २<br>५.८८ | ३<br>८.४२ | २<br>५.४४ | ३४<br>१00% |

कक्षा दशको नयाँ (२०७४) को नेपाली पाठ्यपुस्तकमा सुनाइ सीप अन्तर्गत बोधात्मक प्रश्न७ वटा, बोलाइ सीप अन्तर्गत बोधात्मक प्रश्न ५ वटा, सिर्जनात्मक प्रश्न २ वटा, पढाइ सीप अन्तर्गत बोधात्मक प्रश्न ८ वटा, लेखाइ सीप अन्तर्गत बोधात्मक प्रश्न ३ वटा, सिर्जनात्मक प्रश्न २ वटा, लामो उत्तरात्मक प्रश्न २ वटा, सङ्क्षिप्त उत्तरात्मक प्रश्न ३ वटा वस्तुगत प्रश्न २ वटा समावेश गरेको छ ।

उक्त तालिकाको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी लेखाइ सीपलाई जोड दिएको लेखाइ सीपमा सबै प्रश्नहरू मिलाएर राखिएको, बोलाइमा बोध र सिर्जना मात्र राखिएको, सुनाइ र बोलाइमा बोधात्मक प्रश्नलाई मात्र जोड दिइएको पाइयो ।

समग्रमा जीवनी विधा अन्तर्गत पुरानो पुस्तकमा सुनाइ सीप सम्बन्धि अभ्यास ३ वटा, नयाँमा ७ वटा, पुरानोमा बोलाइ सीपसम्बन्धि ८ वटा नयाँमा ७ वटा पुरानोमा पढाइसम्बन्धि ३ वटा, नयाँमा ८ वटा, पुरानोमा लेखाइ सम्बन्धि २४ वटा , नयाँमा लेखाइ सम्बन्धि १२ वटा अभ्यास

राखिएको छ। उक्त तालिकाको आधारमा तुलनात्मक विश्लेषण गर्दा सुनाइ, बोलाइ र पढाइका अभ्यास नयाँ पुस्तकमा पुरानो पुस्तकको अभ्यास भन्दा बढी रहेको र लेखाइ सीपका अभ्यास नयाँ पुस्तकको अभ्यास भन्दा पुरानो पुस्तकमा बढी रहेको छ। भाषिक सीपलाई ख्याल नगरी अभ्यास पुरानो पुस्तकमा भाषिक सीपका अभ्यास सन्तुलित मात्रामा समाविष्ट छैन।

### ४.३.९माध्यमिक तह कक्षा दशको पुरानो (२०६४) को नेपाली पाठ्यपुस्तकमा भाषिक सीपको चिठी विधामा समाविष्ट गरिएको अभ्यासहरूको व्याख्या विश्लेषण तथा तुलना

| क.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | | | | | | |
| २. | बोलाइ | २ | | | | | २ |
| ३. | पढाइ | | | | | | |
| ४. | लेखाइ | ३ | १ | | | | ४ |
| | जम्मा<br>प्रतिशत | ५<br>८३.३३ | १<br>१६.६६ | | | | ६ |

कक्षा दशको पुरानो (२०६४) को पाठ्यपुस्तकमा चिठी विधामा सुनाइ सीप अन्तर्गत कुनै पनि प्रश्न समावेश नगरेको, बोलाइ सीप अन्तर्गत बोधात्मक प्रश्न २ वटा मात्र राखिएको, पढाइ सीप अन्तर्गत कुनै पनि अभ्यास नराखिएको, लेखाइ सीप अन्तर्गत बोधात्मक ३ वटा प्रश्न र सिर्जना १ वटा प्रश्न समावेश गरेको छ।

उक्त तालिकाको आधारमा विश्लेषण गर्दा कुनै पनि सीपमा प्रश्नहरू मिलाएर समावेश नगरिएको र प्रश्नको संख्या पनि न्युन राखिएको पाइन्छ।

### ४.३.१० माध्यमिक तह कक्षा दशको नयाँ (२०७४) को नेपाली पाठ्यपुस्तकमा भाषिक सीपको चिठी विधामा समाविष्ट गरिएका अभ्यासहरूको व्याख्या विश्लेषण तथा तुलना

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | ३ | | | | | ३ |
| २. | बोलाइ | ४ | | | | | ४ |
| ३. | पढाइ | ३ | | | | | ३ |
| ४. | लेखाइ | २ | २ | | १ | २ | ७ |
| | जम्मा<br>प्रतिशत | १२<br>७०.५८ | २<br>११.७६ | | १<br>५.८८ | २<br>११.७६ | १७ |

कक्षा दशको नयाँ (२०७४) को पाठ्यपुस्तकमा सुनाइ सीप अन्तर्गत बोधात्मक प्रश्नहरू ३ वटा समावेश गरेको छ । अरु प्रश्न समाविष्ट गरिएको छैन । त्यस्तै बोलाइ सीप अन्तर्गत पनि बोधात्मक प्रश्न ४ वटा समावेश गरेको, पढाइ सीप अन्तर्गत ३ वटा, बोधात्मक प्रश्न राखिएको, लेखाइ सीप अन्तर्गत २ वटा बोधात्मक प्रश्न, सिर्जनात्मक २ वटा, सङ्क्षिप्त १ वटा र वस्तुगत २ वटा प्रश्न समावेश गरेको छ । लामो उत्तरात्मक प्रश्न समावेश गरेको छैन ।

उक्त तालिकाको आधारमा विश्लेषण गर्दा सबैभन्दा महत्व लेखाइ सीपमा जोड दिएको अरु सीपमा बोधात्मक प्रश्नलाई मात्र जोड दिएको छ ।

समग्रमा चिठी विधा अन्तर्गत पुरानो पुस्तकमा सुनाइ सीपका अभ्यास नै समावेश गरेको छैन, नयाँमा ३ वटा समावेश छ । बोलाइ सीप अन्तर्गत पुरानो पुस्तकमा २ वटा अभ्यास समावेश छ भने नयाँमा ४ वटा समावेश छ । पढाइ सीप अन्तर्गत पुरानोमा अभ्यास नै समावेश गरेको छैन , नयाँमा ७ वटा समावेश छ । लेखाइ सीप अन्तर्गत पुरानोमा ४ वटा समावेश छ, नयाँमा

७ वटा समावेश छ । पुरानो पुस्तकमा एकदमै न्यून अभ्यास समावेश छ । सुनाइ र पढाइ सीपका अभ्यास नै पुरानो पुस्तकमा समावेश गरेको छैन । नयाँ पुस्तकमा अभ्यास पनि सन्तुलित मात्रामा समावेश गरेको छ ।

**४.३.११ माध्यमिक तह कक्षा दशको पुरानो (२०६४) को नेपाली पाठ्यपुस्तकमा भाषिक सीपको रुपक विधामा समाविष्ट गरिएको अभ्यासहरूको व्याख्या विश्लेषण तथा तुलना**

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | २ | | | | | २ |
| २. | बोलाइ | ३ | २ | १ | | | ६ |
| ३. | पढाइ | ३ | १ | १ | | | ५ |
| ४. | लेखाइ | १३ | ३ | २ | ४ | १ | २३ |
| | जम्मा<br>प्रतिशत | २२<br>५९.४५ | ६<br>१६.२१ | ४<br>१०.८१ | ४<br>१०.८१ | १<br>२.७० | ३७<br>१०० |

कक्षा दशको पुरानो (२०६४) को पाठ्यपुस्तकमासुनाइ सीप अन्तर्गत बोधात्मक प्रश्न २ वटा समावेश गरेको छ, अरु प्रश्न समावेश गरेको छैन । बोलाइ सीप अन्तर्गत ३ वटा बोधात्मक, २ वटा सिर्जनात्मक १ वटा, लामो उत्तरात्मक प्रश्न समावेश गरेको छ । पढाइ सीप अन्तर्गत ३ वटा बोधात्मक प्रश्न १ वटा सिर्जनात्मक प्रश्न १ वटा, लामो उत्तरात्मक प्रश्न समावेश गरेको छ । लेखाइ सीप अन्तर्गत १३ वटा बोधात्मक प्रश्न, ३ वटा सिर्जनात्मक प्रश्न, लामो उत्तरात्मक प्रश्न २ वटा, सङ्क्षिप्त उत्तरात्मक प्रश्न ४ वटा वस्तुगत प्रश्न १ वटा समावेश गरेको छ ।

उक्त तालिकाको आधारमा विश्लेषण गर्दा लेखाइ सिपका सबै प्रश्नहरू सन्तुलित मात्रामा छन् बोलाइ र पढाइमा बोध, सिर्जना र लामो उत्तरात्मक प्रश्न मात्र समावेश गरेको छ । सुनाइ सीपमा बोधात्मक प्रश्नलाइ मात्र जोड दिएको छ ।

**४.३.१२माध्यमिक तह कक्षा दशको नयाँ (२०७४) को नेपाली पाठ्यपुस्तकमा भाषिक सीपको रुपक विधामा समाविष्ट गरिएको अभ्यासहरूको व्याख्या विश्लेषण तथा तुलना**

| क्र.स. | शिर्षक | बोध | सिर्जना | लामो उत्तर | सङ्क्षिप्त उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | सुनाइ | ९ | | | | | ९ |
| २. | बोलाइ | ८ | २ | १ | | | ११ |
| ३. | पढाइ | १० | | | | | १० |
| ४. | लेखाइ | २ | ६ | ३ | ६ | १ | १९ |
| | जम्मा<br>प्रतिशत | २९<br>५९.१८ | ८<br>१७.३२ | ४<br>८.१६ | ६<br>१४.२८ | १<br>२.४ | ४९<br>१०० |

कक्षा दशको नयाँ (२०७४) को पाठ्यपुस्तकमा सुनाइ सीप अन्तर्गत बोधात्मक प्रश्न ९ वटा समावेश गरेको छ । बोलाइ सीप अन्तर्गत बोधात्मक ८ वटा प्रश्न, सिर्जनात्मक २ वटा प्रश्न लामो उत्तरात्मक १ वटा प्रश्न समावेश गरेको छ । पढाइ सीप अन्तर्गत बोधात्मक प्रश्न १० वटा समावेश गरेको छ । लेखाइ सीप अन्तर्गत २ वटा बोधात्मक प्रश्न, ६ वटा सिर्जनात्मक प्रश्न, ६ वटा लामो उत्तरात्मक प्रश्न, ७ वटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न, १ वटा वस्तुगत प्रश्न समावेश गरेको छ ।

उक्त तालिकाका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी प्रश्न लेखाइ सीपमा रहेका छन् । सबै प्रश्न मिलाएर राखिएको, बोलाइ सीपमा बोध, सिर्जनाा र लामो उत्तरात्मक प्रश्न समावेश गरेको, सुनाइ र पढाइमा बोधात्मक प्रश्न मात्र समावेश गरेको पाइयो ।

समग्रमा रुपक विधा अन्तर्गत पुरानो पुस्तकमा सुनाइ सीप अन्तर्गत २ वटा अभ्यास समावेश छ भने नयाँ पुस्तकमा बोलाइ सीप अन्तर्गत ६ वटा अभ्यास समावेश छ । नयाँ पुस्तकमा ११ वटा अभ्यास समावेश छ । पुरानो पुस्तकमा पढाइ सीप सम्बन्धि ५ वटा अभ्यास समावेश छ, नयाँ पुस्तकमा १० वटा अभ्यास समावेश छ । पुरानो पुस्तकमा लेखाइ सीप सम्बन्धि २३ वटा अभ्यास समाविष्ट छ भने नयाँ पुस्तकमा १९ वटा अभ्यास समावेश छ । पुरानो पुस्तकमा सुनाइ, बोलाइ, पढाइ सीपका अभ्यास एकदमै न्यून र लेखाइ सीपका अभ्यास एकदमै बढी मात्रामा राखिएको छ । पुरानो पुस्तकमा भाषिक सीपलाई ख्याल नगरी अभ्यास निर्माण गरिएको पाइन्छ । नयाँ पुस्तकमा सबै सीपका अभ्यास सन्तुलित मात्रामा मिलाएर राखिएको छ ।

# अध्याय पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

नेपाल सरकार, शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्धारा माध्यमिक तह कक्षा १० को २०६४ र २०७४ सालमा परिमार्जित संस्करणको रुपमा नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तथ्यगत रुपमा व्याख्या, विश्लेषण र तुलनात्मक अध्ययनका आधारमा निम्नानुसार निष्कर्षहरु उल्लेख गर्न सकिन्छ ।

माध्यमिक तहका परिमार्जित पाठ्यपुस्तकमा समाविष्ट गरिएका नमुना अभ्यास विद्यार्थी तथा शिक्षकका लागि प्रयुक्त देखिन्छन् ।

- पुरानो र नयाँ नेपाली पुस्तकको कविता विधामा अभ्यासको संख्या बराबरी राखिएका छ ।
- पुरानो पुस्तकमा २०२ वटा अभ्यास समाविष्ट छ भने नयाँ पुस्तकमा २८७ वटा अभ्यास समाविष्ट छ ।
- कथा विधामा पुरानो पुस्तकमा शुद्ध उच्चारण ३ वटा राखिएको छ भने नयाँमा ४ वटा राखिएको छ ।
- कथा विधामा पुरानो पुस्तकमा सारांश लेख १ वटा समावेश छ भने नयाँमा ४ वटा समावेश गरिएको छ । पुरानो भन्दा नयाँमा ३ ले बढी राखिएको छ । वस्तुगत प्रश्न पुरानोमा ६ वटा समावेश गरिएको छ भने नयाँमा २ वटा पुरानो पुस्तकमा ४ ले बढी छ पाठक्रमको मर्म अनुसार नयाँ पुस्तकमा सापेश समावेश गरिएको छैन ।
- निबन्ध विधामा पुरानो पुस्तकमा लामो उत्तर आउने प्रश्नं र नयाँ पुस्तकमा लामो उत्तर आउने प्रश्नं र नयाँ पुस्तकमा लामो उत्तर आउने प्रश्नं बराबर तिनवटै समावेश गरेको छ ।

- जिवनी विद्या अन्तर्गत पुरानो पुस्तकमा शुद्ध लेखन २ वटा समावेश छ भने नयाँमा ९ वटा पुरानो पुस्तकमा भन्दा नयाँमा ६ ले बढी छ । त्यसै सिर्जनात्मक उत्तर आउने प्रश्न पुरानो पुस्तकमा तीन वटा छन् भने नयाँमा चार छ सङ्ख्यात्मक रुपमा पुरानो भन्दा नयाँमा एकले बढी छ । वस्तुगत प्रश्न पुरानोमा समावेश गरेको छैन नयाँमा २ वटा समावेश छ ।
- रुपक विद्या अर्न्तगत पुरानो पुस्तकमा सङ्क्षिप्त उत्तर समावेश गरेको छैन भने नयाँमा ३ वटा छ । अनुलेखन पुरानो पुस्तकमा समावेश छैन भने नयाँमा चारवटा छ ।
- भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ लेखाइ मध्ये सबैभन्दा बढी लेखाइ सीपलाई नै दुवै पाठ्यपुस्तकले प्राथमिकता दिएको छ ।
- पुरानो पुस्तकमा भाषिक सीप सम्बन्धी अभ्यास नछुट्याई एकमुष्ठ दिएको छ भने नयाँ पुस्तकमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ भनि फरक फरक ठाउँमा दिएको छ ।
- चिठी विधा अन्तर्गत पुरानो पुस्तकमा सुनाइ र पढाइ सम्बन्धी अभ्यास समावेश छैन तर नयाँ पुस्तकमा पाठ्यक्रमलाई ख्याल गरेर सबै सीपलाई ख्याल गरी सन्तुलित मात्रामा अभ्यास राखिएको छ ।
- भाषिक सीपमा बोधात्मक प्रश्नंको संख्या अत्याधिक देखीन्छ ।
- दुवै पुस्तकमा लेखाइ सीपका अभ्यास अत्याधिक दिएको देखिन्छ ।
- दुवै पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यास सम्बन्धी विधा अनुरुप नै समाविष्ट गरिएको देखिन्छ ।
- विद्यार्थीको बौद्धिकता परीक्षण गर्ने खालका वस्तुगत प्रश्नहरु दुवै पाठ्यपुस्तकमा कम मात्रामा समाविष्ट गरिएको देखिन्छ ।
- नमुना अभ्यासमा बोधात्मक प्रश्नहरुको अत्याधिक प्रयोग गरिएको पाइन्छ ।
- यसको तुलनामा अभिव्यक्तिगत प्रश्नको कम प्रयोग गरिएको पाइन्छ ।
- विधाको क्षेत्र र क्रम मिलेको देखिदैन ।
- वाक्यमा प्रयोग, शुद्ध लेखन, शब्दार्थ लेखन सम्बन्धी अभ्यास सबै विधामा समावेश गरिएको देखिन्छ ।

- विद्यार्थीलाई अनुच्छेद लेखन सम्बन्धी धारणाको विकास गराउने खालका नमुना अभ्यास राखिएको देखिदैन ।

## ५.३ सुझाव

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा नमुना अभ्यास सम्बन्धी नीतिगत, कार्यन्वयनगत र अनुसन्धात्मक रूपमा सुझाव दिन सकिन्छ । जसलाई निम्न बुँदामार्फत उल्लेख गर्न सकिन्छ ।

### ५.३.१ नीतिगत तह

अनुसन्धान विषय कुनैपनि समस्याको समाधानको लागि गरिने खोजपूर्ण कार्य हो । जसले गर्दा सम्बन्धित क्षेत्रमा नयाँ कुरा पत्ता लगाउनुका साथै सो समस्याको समाधानका लागि नीति निमार्ण गर्न समेत सहयोग पुग्दछ । प्रस्तुत नमुना अभ्यास सम्बन्धी नीतिहरू निर्माण गर्न सहयोग पुग्ने नीतिगत सुझावलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

- अभ्यासहरु निर्माण गर्दा पाठ्यक्रमको उद्देश्य अनुसारको नीति अवलम्बन गरिनुपर्ने,
- नमुना अभ्यास राख्दा विषय वस्तुसँग सम्बन्धित सरल, स्तरीय, रुचिपूर्ण अभ्यासको शुद्ध, सफाइ र छपाइमा सचेतता अपनाउने नीति निर्माण गर्ने,
- नमुना अभ्यासलाई बढी व्यवहारिक बनाउन प्रयोगात्मक निर्माणमा आवश्यक निर्देशनको व्यवस्था गरिनुपर्ने देखिन्छ ।
- पाठ्यक्रम अनुरुप नमुना अभ्यास निर्माण गर्नका लागि विद्यार्थीको भाषिक सीपका आधारमा नमुना अभ्यास विद्यार्थीको तह,स्तर र क्षमता अनुसार छनोट गर्ने नीति निर्माण गरिनु पर्ने,
- भाषा सिकाइका अभ्यासहरु परीक्षामुखी नभएर व्यवहारिकतामा आधारित अभ्यास निर्माण गर्ने नीति अवम्बन गर्ने ।
- अभ्यासहरु निर्माण गर्दा पाठ्यक्रमको उद्देश्य अनुसारको नीति अवलम्बन गरिनुपर्ने देखिन्छ ।

- नमुना अभ्यास राख्दा विषयवस्तुसँग सम्बन्धित सरल स्तरीय, रुचीपूण अभ्यासको शुद्ध, सफाइ र छपाइमा सचेतता अपनाउने नीति निर्माण गर्न आवश्यक देखिन्छ ।
- पाठ्यक्रम अनुरुप नमुना अभ्यास निर्माण गर्नका लागि विद्यार्थीको भाषिक सीपका आधारमा नमुना अभ्यास विद्यार्थीको तह स्तर र क्षमता अनुसार छनोट गर्ने नीति निर्माण गरिनु पर्दछ ।
- भाषिक सीप सिकाइको लागि आवश्यक अभ्यासको सुधारका लागि नयाँ विधि र प्रविधि अवलम्बन गर्नुपर्ने ।
- भाषा सिकाइका अभ्यासहरु परीक्षामुखी नभएर व्यवहारिकतामा आधारित अभ्यास निर्माण गर्ने नीति अवलम्बन गर्ने ।
- समय परिवेशलाई ध्यानमा राखि भाषा सिकाउने नीति अवलम्बन गर्ने
- समग्रमा भाषा पाठ्यपुस्तकको उद्देश्य भाषालाई सिकाउने नै भएकोले भाषिक सीपलाई प्राथमिकता दिने ।

### ५.३.२ कार्यान्वयन तह

नीति तथा नियम निर्माणले मात्र समस्या समाधान हुदैन । त्यसको पूर्ण समाधानको लागि ती नीति तथा नियमलाई कार्यन्वयनमा लिनु प्रमुख पक्ष हो । यसलाई विवेकपूर्ण ढङ्गबाट कार्यान्वयन गर्दा देखिएका समस्यालाई पुनः शोधखोज गरी समाधान गर्न सहयोग पुग्छ । प्रस्तुत शोधबाट प्राप्त निष्कर्षलाई आधार मानि माथि प्रस्तुत गरिएका नीति निर्माण भई तिनको कार्यान्वयनात्मक पक्षलाई निम्न बुँदामा स्पष्ट पार्न सकिन्छ ।

- भाषा पाठ्यपुस्तकमा राखिएका कतिपय अभ्यासहरु व्यवहारिक हुनुपर्छ ।
- भाषा पाठ्यपुस्तकमा भाषाका चारवटै सीपलाई उत्तिकै महत्व दिने अभ्यास निर्माण गरिनुपर्छ ।
- विद्यार्थीलाई मानसिक भार हुने खालका अभ्यास नभई विद्यार्थीको रुचीस्तर अनुसार सरलदेखि जटिलको क्रममा अभ्यासहरु समावेश गरिनुपर्छ ।
- अभ्यासहरु समय परिवेश अनुसारको हुनुपर्छ ।

- भाषिक सीपहरु सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई उत्तिकै महत्व दिइ उचित मूल्याङ्कन गर्नुपर्छ ।
- भाषा पाठ्यक्रम बोझिलो नभई भाषाविद भाषा पाठ्यक्रमविदको सुझाव, सल्लाह, अनुसार सामाजिक, नैतिक, व्यवहारिक खालका विषयवस्तु समावेश गरी सोही अनुसार अभ्यासहरु समावेश गरी सोही अनुसारका अभ्यास निर्माण गरिनुपर्छ ।
- भाषाका चारवटै सीपलाई उत्तिकै महत्व दिने अभ्यास निर्माण गरिनुपर्छ ।
- अभ्यासहरु बोझिलो नभई विद्यार्थीको रुची, क्षमतालाई ख्याल गरी सरल देखि जटिलको क्रममा हुनुपर्दछ ।
- अभ्यासहरु समय परिवेश अनुसार हुनुपर्छ ।
- भाषिक सीपहरु सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई उत्तिकै महत्व दिई उचित मूल्याङ्कन गर्नुपर्छ ।

### ५.३.३ अनुसन्धानात्मक तह

नमुना अभ्यासहरुको तुलनात्मक अध्ययनले भाषिक सीप सिकाइमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । यो अध्ययनले भाषा पाठ्यपुस्तकमा देखिएका भाषिक सीप सम्बन्धी त्रुटिहरुको न्यूनीकरणमा सहयोग पुग्ने छ । त्यसैले यो एक महत्वपूर्ण भाषिक अध्ययन हो । यस क्षेत्रको अध्ययन हुनु जरुरी छ । प्रस्तुत शोध अध्ययनको निष्कर्ष अनुरुप सम्बन्धित क्षेत्रको लागि निम्न अनुसन्धानात्मक सुझाव पेश गर्न सकिन्छ ।

- विद्यालयका सम्पूर्ण तहमा समावेश भाषा पाठ्यपुस्तकको नमुना अभ्यासको विस्तृत अध्ययन गरिनुपर्ने ।
- विधा र विषयवस्तु अनुरुप अभ्यास छ , छैन त्यसको अध्ययन गरिनुपर्ने ।
- नमुना अभ्यास भाषा वैज्ञानिक पद्धतिअनुसार समावेश गरिनुपर्छ त्यसको अध्ययन गरिनुपर्ने ।
- विधा अनुरुप अभ्यास छ छैन त्यसको अध्ययन गरिनुपर्ने ।

- विद्यालयको तह अनुसारको नमुना अभ्यासमा के कति भिन्नता छ, त्यसको अध्ययन गरिनुपर्ने ।

## ५.४शैक्षणिक उपयोगिता

अनुसन्धानका लागि प्रस्ताव गरिएको शीर्षक र वर्तमानमा के महत्व छ ? कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्न खोजिएका कत्तिको सान्दर्भिक छ ? कुनै पनि अध्ययन तथ्याङ्कीय सूचनाहरुको विश्लेषणबाट प्राप्त निष्कर्षमा आधारित हुने गर्दछ । अध्ययनका लागि प्रस्तुत विषयवस्तु के कारणले कसरी समसामयिक, वर्तमान समयमा मेल खाने, समय सुहाउँदो वा प्रासङ्गीक छ, सो कुराको स्पष्ट निर्क्यौल नै शोधको उपयोगिता हो । भाषिक सीपको विकासका लागी अभ्यासको आवश्यकता हुने भएकाले पाठ्यक्रमले निर्देश गरेका उद्देश्य प्राप्त गर्न पाठ्यपुस्तकमा समाविष्ट गरिएका नमुना अभ्यास त्यसै पनि उपयोगी हुन आउँछन् । त्यसैले प्रस्तुत शोधमा माध्यमिक तह कक्षा दसको पुरानो र नयाँ नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासलाई विषयवस्तु बनाइएको छ ।

यस अध्ययनको उपयोगिता माध्यमिक तह कक्षा दसको पुरानो २०६४ र नयाँ २०७४ का भाषा पाठ्यपुस्तकमा अध्ययन गर्ने विद्यार्थीको भाषिक सीप, रचनात्मक विकासको वर्णविन्यास, रुची अनुसार शब्द चयन गरी सिर्जनात्मक अभ्यास तथा व्याकरणका समस्या समाधान गर्ने गर्दछ । भाषा शिक्षक, सुपरिवेक्षक, प्रश्नपत्र निर्माण कर्ता, अनुसन्धानकर्ताको लागि पनि यस अध्ययनले सहयोग पुऱ्याउने देखिन्छ ।

माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको विश्लेषणबाट नेपाली भाषाका विद्यार्थी शिक्षक, सरोकारवाला सबैको भाषिक सीप विकासका लागी उपयोगी हुने देखिन्छ ।

- पुरानो र नयाँ  नेपाली पुस्तकमा समाविष्ट नमुना अभ्यासको विविध कोणबाट गरिएको विश्लेषणबाट प्राप्त निष्कर्ष र सुझावहरुलाई मध्यनजर गरी थप आवश्यक सुधार गर्न सजिलो पर्ने देखिन्छ ।

- दुवै पाठ्यपुस्तकमा के कती नमुना अभ्यास कुन रुपमा समावेश भएका छन् भनेर जान्न इच्छुकलाई भरपर्दो स्रोतका रुपमा लिन सकिने देखिन्छ ।
- भाषा शिक्षक, सुपरीवेक्षक, प्रश्नपत्र निर्माणकर्ता एवम् विद्यार्थी वर्गका लागी पनि नमुना अभ्यासको औचित्य पहिचान गर्न मद्दत पुग्ने देखिन्छ ।
- पाठ्यपुस्तकमा समाविष्ट विधा र भाषिक सीपका अभ्यास पाठ्यक्रमको भावना अनुरुप भए नभएको जानकारी लिन सकिन्छ ।

## ५.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु

अध्ययन अनुसन्धानको कार्य कहिल्यै पूरा हुन सक्दैन । कुनै विषयवस्तुलाई लिएर त्यसको गहिराइमा डुबेर खोतल्नु र प्रकाशमा ल्याउनु ज्यादै कठिन कार्य हो । यसलाई सकेसम्म सबै पक्षबाट निरन्तरता दिनु अति सान्दर्भिक भनिन्छ । यस अध्ययनबाट अध्ययनकर्ताले भावी अनुसन्धानका लागि निम्न शीर्षकहरुको सम्भावना देखिन्छ ।

- कक्षा दसको पुरानो र नयाँ नेपाली किताबमा प्रयुक्त व्याकणिक कोटीहरुको तुलनात्मक अध्ययन
- कक्षा दसको पुरानो र नयाँ नेपाली किताबमा समाविष्ट शब्दभण्डारको तुलनात्मक अध्ययन
- कक्षा दसको पुरानो र नयाँ नेपाली किताबमा प्रयुक्त विधा भित्रका चित्रहरुको समायोजनको तुलनात्मक अध्ययन
- कक्षा दसको पुरानो र नयाँ नेपाली पाठ्यपुस्तकको वाक्य संरचनाको तुलनात्मक अध्ययन
- कक्षा दसको पुरानो र नयाँ नेपाली किताबमा समाविष्ट विधाको तुलनात्मक अध्ययन
- दस कक्षाको नयाँ र पुरानो किताबमा रुपक विधाको तुलनात्मक अध्ययन
- पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा दसको पुरानो र नयाँ नेपाली किताबको तुलनात्मक अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०७२), *माध्यमिक तह अध्यापन अनुमतिपत्र परीक्षा दर्पण,* काठमाडौं : आशिक बुक हाउस ।

खनाल, पेशल (२०६३), *शैक्षिक अनुसन्धान पद्धति* काठमाडौं : सनलाइट पब्लिकेशन ।

पौडेल, माधवप्रसाद (२०६९), *भाषा पाठ्क्रम पाठ्य सामाग्री तथा शिक्षण पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधव प्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरु,* काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स ।

पौडेल, माधव प्रसाद र शर्मा केदारप्रसाद (२०६९), *नेपाल भाषा र साहित्य शिक्षण* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणी र अन्य (२०६३)। *स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण,* काठमाडौं : न्यु हिरा बुक्स इन्टर प्राइजेज ।

भण्डारी, पारसमणी र अन्य (२०७१) *भाषिक अनुसन्धान विधि (चौथो संस्करण),* काठमाडौं : पिनाकल पब्लिकेशन ।

निउरे ध्रुवप्रसाद र घिमिरे दिनेश (२०७२), *भाषिक अनुसन्धान विधि,*काठमाडौं : सनलाइट पब्लिकेशन ।


## शोधपत्र सूची


के.सी.यशोदा कुमारी (२०७२), *कक्षा पाँचको मेरो नेपाली किताब र सजिलो नेपाली मालाका नमुना अभ्यासको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) सुर्खेत ।

खतिवडा, कमला (२०७३), *कक्षा आठको पुरानो र नयाँ पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) सुर्खेत ।

ढुङ्गाना, लक्ष्मी प्रसाद (२०६९), *कक्षा ६ को हाम्रो नेपाली किताब, रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग सुकुना बहुमूखी क्याम्पस इन्द्रपुर, मोरङ ।

ढुङ्गाना, इन्द्रमणि (२०७३), *कक्षा आठको हाम्रो नेपाली र नेपाली (परीक्षणका लागि) भित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुकुना बहुमूखी क्याम्पस कोसी हरैचा, मोरङ ।

पौडेल, टिकाप्रसाद (२०५८), *'हाम्रो नेपाली किताब' कक्षा ७ र 'सजिलो नेपाली माला' ७ मा प्रयुक्त नमुना अभ्यासहरुको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. केन्द्रीय क्याम्पस, किर्तीपुर ।

रास्कोटी, तिलक कुमार (२०७०), *हाम्रो नेपाली किताब र मेरो नेपाली माल (कक्षा सात) भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) सुर्खेत ।

श्रेष्ठ, पूर्ण कुमारी (२०७३), *कक्षा ६ को पुरानो र नयाँ पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. केन्द्रीय क्याम्पस, किर्तीपुर ।

शर्मा, गणेश (२०७४), *कक्षा ६ को पुरानो र नयाँ पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, म.प.वि.वि., केन्द्रीय क्याम्पस, सुर्खेत ।

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | लक्ष्मी खनाल |
| बुवाको नाम | : | महेन्द्र केशर खनाल |
| आमाको नाम | : | जानुका खनाल |
| स्थायी ठेगाना | : | वी.न.न.पा ११, सुर्खेत |
| नागरीकता | : | नेपाली |
| लिङ्ग | : | महिला |
| धर्म | : | हिन्दु |
| नागरिकता | : | नेपाली |
| वैवाहिक स्थिति | : | विवाहित |
| पेसा | : | विद्यार्थी |
| भाषा | : | नेपाली |
| रुचि | : | समाजसेवा |
| फोन नं. | : | ९८४८२१०६९३ |

**शैक्षिक योग्यता**

| क्रसं | तह | शैक्षिक संस्था | उत्तीर्ण साल |
|---|---|---|---|
| १ | एस.एल.सी | श्री सीता ज.स.उ.मा.वि., दैलेख | २०६५ |
| २ | प्रमाणपत्र तह | श्री सीता ज.स.उ.मा.वि., दैलेख | २०६८ |
| ३ | स्नातक | सुर्खेत क्याम्पस शिक्षा, सुर्खेत | २०१४ |
| ४ | स्नातकोत्तर | मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेत | २०७५ |